का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक ३०४
❒ ९ माघ २०७६, बिहीबार
❒ 23 January 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# बद्नाम जनप्रतिनिधि

**उम्मेद्वारी मनोनयन दर्तामै उच्च नैतिक छबिको जाँच गरिने भए पनि डेढ सय बढी जनप्रतिनिधि माथि विभिन्न आपराधिक घटनामा संलग्न भएको आरोप लागेको छ। त्यस मध्ये केहीले सजाय भोगिरहेका छन् भने केही पुर्पक्षका लागि थुनामा छन्।**



मुद्दा चलाइएका
**९२ जना**

आरोप लागेका
**७७ जना**

ज्यान मुद्दा
**२० जना**

सार्वजनिक अपराध
**३१जना**

जर्बजस्ती करणी
**५ जना**

**बिरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ८ माघ

रौतहट क्षेत्र नं. २ बाट निर्वाचित सांसद मोहम्मद अफताब आलम २०६४ को संविधानसभा निर्वाचनको एक दिनअघि चैत २७ गते रौतहटमा भएको बम विस्फोटको घटना र त्यसका घाइतेलाई ज्यूँदै जलाउने कार्यमा संलग्न भएको आरोपमा गत असोजमा पक्राउ परे। निलम्बित सांसद आलम पनि अहिले पुर्पक्षका लागि नख्खु जेलमा छन्।

संसद सचिवालयमा कार्यरत कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोपमा तत्कालीन सभामुख कृष्णबहादुर महरा गत १९ असोजमा पदमा बहाल रहँदै पक्राउ परे। महरालाई जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि उनी हाल डिल्लीबजार कारागारमा छन्। पदमा बहाल रहँदा फौजदारी अभियोग लागेर कारागार चलान हुने महरा हालसम्मकै उच्चपदस्थ अधिकारी हुन्।

कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित संघीय सांसद रेशम चौधरी टीकापुर हत्याकाण्डको मुख्य योजनाकारको अभियोगमा डिल्लीबजार कारागारमा जन्मकैद भुक्तान गरिरहेका छन्। चौधरी भूमिगत अवस्थामा नै राजपाबाट चुनाव जितेर सांसद बने। उनलाई कारागारबाट ल्याएर संसद् भवनमा सपथ पनि खुवाइयो र पुन: कारागारमै पठाइयो। २०७२ साल भदौ ७ गते टीकापुरमा नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक (एसएसपी) र एक नाबालकसहित ८ जनाको हत्या भएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि पर्सा क्षेत्र नम्बर ३ बाट समाजवादी पार्टी नेपालका सांसद हरिनारायण रौनियार निलम्बनमा परेका छन्। रौनियार पप्पु कन्स्ट्रक्सनका अध्यक्ष थिए। पप्पु कन्स्ट्रक्सनले बर्दियाको गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाटको पुल तथा काठमाडौं टेकुको पुल निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग गरेको, ठेक्का लिएका अन्य निर्माण कार्यमा पनि लापरवाही गरेको आरोप लागेको छ।

मनाङका प्रदेश सांसद राजीव गुरुङ उर्फ दीपक मनाङे कहलिएका गुण्डा नाइके हुन्। ज्यान मार्ने उद्योगसम्बन्धी अभियोगमा जेल बसेर छुटेपछि उनी अहिले नेकपाबाट प्रदेश सभा सदस्य छन्।

कर्णाली प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री खड्कबहादुर खत्री बैंकिङ कसूरसम्बन्धी मुद्दा लागेपछि पदमुक्त भए। कृषि विकास बैंकले खत्रीसहित ५ जनाले १ करोड ८० लाख ८० हजार रुपैयाँको किर्ते बैंक ग्यारेन्टी बनाएको आरोप लगाएको छ।

यी ठूला तर, प्रतिनिधि घटना हुन्। जनताको मत पाएर विभिन्न पदमा निर्वाचित भएका व्यक्ति मध्ये डेढ सय भन्दा बढी विभिन्न अपराधका आरोपित वा दोषी पाइएको नेपाल प्रहरीको तथ्यांकले देखाएको छ। प्रहरीको तथ्यांकअनुसार कोही निर्वाचित भएपछि आपराधिक गतिविधिमा संलग्न भएको पाइएको छ भने कोही निर्वाचनअघि बाँकी पृष्ठ २ मा

## मनाङे विरुद्ध जाहेरी

**काठमाडौं/मस–** गण्डकी प्रदेशका सांसद दीपक मनाङे उर्फ राजिव गुरुङ विरुद्ध अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष मिलन गुरुङले जाहेरी दिएका छन्। मंगलबारदेखि पोखरामा सुरु भएको मुख्यमन्त्री कप फुटबल प्रतियोगिताको उद्घाटन कार्यक्रममा सांसद मनाङेले एन्फा अध्यक्षलाई झापड हानेका थिए। बुधबार दिउँसो ४ बजेतिर उनले जिल्ला प्रहरी कार्यालय कास्कीमा मनाङे विरुद्ध जाहेरी दर्ता गरेको बताएका छन्।

यता सांसद मनाङले पनि बुधबार पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरेर घटनाबारे स्पष्टीकरण दिएका छन्। मनाङेले सानो घटनालाई कास्की एन्फाका अध्यक्ष मिलन गुरुङले ठुलो मिडियाबाजी गरेको बताएका छन्। मनाङेले कानुनले नदेखेका कतिपय कुरा पावरकै भरमा सिस्टममा ल्याउनुपर्ने बताए। उनले भने, 'कानुन भनेको यस्तै हो। कतिपय कुरा पावरकै भरमा सिस्टममा ल्याउनुपर्छ।'

कास्की एन्फाका अध्यक्ष पहिले आफ्नै टिममा रहेको र अहिले ठूलो कुरा गरेको हुनाले आफूले हातपात गरेको मनाङेको दाबी थियो। प्रेस मिटमा उनले भने, 'पहिले मेरै भाई हो। अहिले ठूलो कुरा गरे। जम्मा एक लात्ती र दुई झापट हानेको। यत्रो मिडियाबाजी गरे।' खेलाडीलाई व्यवस्थापन नगरेको भन्दै मनाङेले मंगलवार गुरुङमाथि हातपात गरेका थिए। खेल व्यवस्थापन गर्न नसक्नेको कुनै काम नरहेको आरोप लगाउँदै प्रदेश सांसद मनाङले गुरुङको थप व्यवस्थापन हुने चेतावनी दिए। भने, 'पैसा तिर भनेर व्यवस्थापन गर भनेको। मानेन। अब यसको व्यवस्थापन हुन्छ।'

# चिनी मिलको कारोबार रोक्का

## सम्पर्कमा नआए पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ



उखु किसानको रकम भुक्तानी नगर्ने तीन उखु मिलको आर्थिक कारोबार रोक्का गर्न सरकारले पत्राचार गरेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्नपूर्ण, इन्दिरा र लुम्बिनी सुगर मिल्सको आर्थिक कारोबार रोक्का गर्न आन्तरिक राजस्व विभागमा पत्राचार गर्ने निर्णय गरेको छ। बुधबार पत्रकार सम्मेलन गर्दै मन्त्रालयले कारोबार रोक्का बारे जानकारी दिएको हो। ती उद्योगहरु मन्त्रालयको सम्पर्कमा नआएकाले आर्थिक कारोबार रोक्का गर्ने तयारी भएको मन्त्रालयका प्रवक्ता दिनेश भट्टराईले बताए।

उखु किसानसँग यी मिलले माघ ७ गतेभित्र सम्पूर्ण बक्यौता रकम बुझाउने सहमति गरेका थिए। यो सहमति मन्त्रालयको मध्यस्थतामा भएको थियो। अन्नपूर्ण र इन्दिर सुगर मिल राकेश अग्रवालको हो भने लुम्बिनी सुगर मिल्स मनिष अग्रवालले लिजमा लिएर सञ्चालन गरिरहेका छन्। मनिष अग्रवालको मृत्यु भएकाले उक्त उद्योग हाल कसले सञ्चालन गर्छ भन्ने विषयमा मन्त्रालय बेखबर छ।

यसैबीच, उद्योग तथा आपूर्ति मन्त्रालयले बुधबार नै गृह मन्त्रालयलाई चिठी काटेर सम्पर्कमा नआएका उद्योगहरुलाई सम्पर्कमा ल्याइदिनका लागि आग्रह समेत गरेको छ। अन्नपूर्ण सुगर मिल्सले विद्युत प्राधिकरणको पनि ठेक्का पट्टा काम गर्ने बाँकी पृष्ठ २ मा

# आन्दोलन ब्युताउने चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ

पहिचान पक्षधर राजनीतिक समूहहरुले आन्दोलनको घोषणा गरेका छन्। पहिचानका आधारमा प्रदेशको पुर्नगठन र संविधान संशोधन लगायतको माग राख्दै उनीहरुले आन्दोलनको घोषणा गरेका हुन्। बुधबार थरुहट थारुवान राष्ट्रिय मोर्चाले ब्यानरमा आन्दोलनका कार्यक्रम घोषणा भएको हो। मोर्चाले आन्दोलनका कार्यक्रम घोषणा गर्ने क्रममा सांसद रेशम चौधरीलगायत जेलमा रहेका ११ जनाको मुद्दा फिर्ता गरी जेलमुक्त गर्नुपर्ने माग गरेको छ। मोर्चाले टीकापुर घटनाको छानबिन गर्न बनेका समितिहरूले बनाएको प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरेको छ।

मोर्चाले माघ १४ गते प्रधानमन्त्रीलगायत विभिन्न दका नेताहरूलाई १५ दिने अल्टिमेटमसहित ज्ञापनपत्र बुझाउने, माघ मसान्तसम्म प्रदेशदेखि वडा तहसम्म मोर्चाको समितिहरू विस्तार गर्ने, माघ १८ गते पहिचान पक्षधरको बृहत अन्तरक्रिया धनगढीमा गर्ने, २४ गते संयुक्त राष्ट्रसंघ, कुटनीतिक नियोग, मानवअधिकार आयोगमा संघर्षका सम्बन्धमा पत्रबाट जानकारी दिने कार्यक्रम सार्वजनिक गरेको छन्।

यसैगरी, फागुन १ गते कैलाली र काठमाडौंको माइतिघरमा आमरण अनशन बस्ने, २ गते धनगढी लगायत तराईका विभिन्न जिल्लामा जनप्रदर्शन गर्ने र मागहरु सुनुवाई नभए तीन दिने बन्द तथा आमहड्ताल घोषणा गर्दै ५ गते समीक्षा गरी अनिश्चितकालीन बन्द घोषणा गर्ने कार्यक्रमहरू मोर्चाले सार्वजनिक गरेको छ।

मोर्चाका संयोजक लक्ष्मण थारुले २० दिनभित्र आफ्ना माग पुरा गर्न सरकारलाई आग्रह गरे। थारुको शान्तिपूर्ण आन्दोलन चलिरहेका बेला कसको योजनामा घटना भएको हो भन्ने जानकारी पाउने अधिकार पनि रहेको भन्दै थारुले सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लाल आयोग र अन्य आयोगका प्रतिवेदन सार्वजनिक गर्न माग गरे। 'टीकापुर घटनापछि गठन भएको आयोगका प्रतिवेदन किन सार्वजनिक गरिँदैन? के हामी डाँका, चोर, फटाहा हो? हामी ज्यानमारा हो? थारुको शान्तिपूर्ण आन्दोलन जारी रहेका बेला कसको योजनामा टीकापुर घटना घटेको हो? त्यो जान्न पाउने अधिकार हामीलाई बाँकी पृष्ठ २ मा




# कतारी निर्णयको चौतर्फी स्वागत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ

आप्रवासी घरेलु कामदार घर फर्किन खुरुज भनिने एक्जिट पर्मिट नचाहिने भनी कतारले गरेको घोषणालाई मानव अधिकारवादी अन्तर्राष्ट्रिय संस्था ह्युमन राइट्स वाच तथा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले स्वागत गरेका छन्। कतारले गत जनवरी १६ मा मालिकको सहमति विना नै उक्त मुलुकमा घरेलु कामदारको हैसियतमा रहेका आप्रवासी कामदार घर फर्किन सक्ने व्यवस्था गरेको थियो।

उक्त व्यवस्थाले कतारमा रहेका कृषि श्रमिक, निजी सवारी चालक, माली, बगैंचे जस्ता घरेलु कामदारलाई घर फर्किन सहज भएको थियो। ह्युमन राइट्स वाचकी वरिष्ठ महिला अधिकार अनुसन्धानकर्ता रोटाना बेगमले कतारको नयाँ व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएका आप्रवासी कामदारहरुलाई उनीहरुको स्वतन्त्रता र इच्छा विपरित नियन्त्रणमा राखेर बाध्यकारी श्रममा लगाई शोषण गर्ने परिपाटीको अन्त्य गर्ने बताएकी छन्।

**एक्जिट पर्मिट नचाहिने निर्णय**

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले कतारको पछिल्लो कदमको स्वागत गर्दै त्यसको व्यवहारिक कार्यान्वयनमा जोड दिएको छ। कतारले स्वदेश फर्किन चाहने घरेलु कामदारले कतार छोड्नु भन्दा ७२ घण्टा अगाडि मात्र रोजगारदातालाई जानकारी दिए हुने व्यवस्था गरेको थियो। ह्युमन राइट्स वाचले ७२ घण्टा अगाडि नै जानकारी नदिए आप्रवासी कामदारले मालिकबाट पाउने तलव लगायतका बाँकी रकम र हवाई टिकट नपाउने व्यवस्था विभेदकारी भएको र त्यसले कामदारलाई शोषणबाट मुक्त नगर्ने टिप्पणी गरेको छ।

नेपाली कामदारको प्रमुख गन्तव्य मुलुकमा पर्ने कतारले आप्रवासी कामदारको अधिकार थप गर्दै जाँदा त्यसले नेपालीहरुलाई लाभ पुग्ने विश्लेषण गरिएको। कतारले न्यूनतम तलवमा पनि संशोधन र सुधार गर्ने भएको छ। कतारको संसद् शुरा काउन्सिलमा सोमबार त्यस विषयमा गम्भीर छलफल भएको कतारी सञ्चारमाध्यमहरुले जनाएका छन्। त्यसका लागि कतारको श्रम मन्त्रालय अन्तर्गत ज्याला समिति गठन गर्ने भएको छ।

उक्त समितिले कतारी मन्त्रिपरिषद्को निर्णय अनुसार आप्रवासी कामदारहरुको न्यूनतम तलव तोक्ने र तोकिएको तलवबारे अध्ययन गर्ने छ। त्यहाँको शुरा काउन्सिलले श्रम कानूनको मस्यौदामा विधायिका मामिला समितिबाट छलफल गराउने बताएको छ। कतारको पछिल्लो कदमलाई श्रम कानूनको सुधारमा उल्लेखनीय सुधारका रुपमा हेरिएको कतारको राष्ट्रिय मानव अधिकार समितिमा नेपाली डेक्स हेर्दै आएका प्रोफेसर रमजान अलि मियाँले बताएका छन्।

### वैदेशिक रोजगार विशेष

## मलेसियाको बढ तलव फेब्रुअरीबाट

**काठमाडौं/मस–** मलेसियाले वृद्धि गरेका कामदारको न्यूनतम तलव कार्यान्वयन भए नभएको आगामी फेब्रुअरी महिनाको अन्तिममा एकिन हुने भएको छ। मलेसियाले अंग्रेजी सन् २०२० को जनवरी १ तारिखदेखि लागू हुने गरी कामदारको मासिक न्यूनतम तलव १२ सय रिंगिट कायम गरेको त्यहाँका सञ्चार माध्यममा आएपनि फेब्रुअरी महिनादेखि मात्र पूर्ण रुपमा कार्यान्वयनमा आउने त्यहाँको राजपत्रमा उल्लेख छ। जनवरी अघिसम्म मलेसियामा स्वदेशी तथा आप्रवासी दुवै कामदारहरुको न्यूनतम तलव ११ सय रिंगिट कायम गरिएको थियो। मलेसियामा स्थानीय तथा विदेशी दुवै कामदारको न्यूनतम तलवमा भेदभाव छैन।

मलेसियाका केही कम्पनीहरुले भने बढेको तलव जनवरी महिना देखि नै कार्यान्वयन गरिरहेका छन्। वृद्धि भएको तलव मलेसियाका सबै ५७ वटा शहर तथा नगर परिषद् अन्तर्गतका उद्योग प्रतिष्ठानहरुमा लागू हुने छ। नयाँ प्रावधान अनुसार कामदारहरुले फेब्रुअरीबाट मासिक न्यूनतम १२ सय रिंगिट तलव पाउने छन्। जस अनुसार प्रतिघण्टा ५ दशमलव ७७ रिंगेट अर्थात् १ सय ६२ रुपैयाँ तलव पाउने छन्। हप्ताको ६ घण्टाका दरले काम गर्ने कामदारले ४६ दशमलव १५ रिंगिट, हप्तामा ५ घण्टा काम गर्ने भए प्रतिघण्टा ५५ दशमलव बाँकी पृष्ठ २ मा



# जातीय विभेद हटाउन पुस्ताको लडाइँ

हेमन्त केसी/रासस
काठमाडौं, ८ माघ

दशवर्षे जनयुद्धमा जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि लडाइँ लडेकी भेरी नगरपालिका-११ जगतीपुरकी शारदा खड्कालाई अहिले यो मुद्दाले झन पिरोल्ने गरेको छ । युद्धकालभन्दा अहिले जातीय भेदभाव र छुवाछूत झनै झाँगिएपछि खड्कालाई दैनिक मन दुख्ने गर्दछ । उनी भन्छिन्, 'युद्धको बेला कुरीति, कुसंस्कारका विरुद्ध लड्नका लागि सजिलो थियो, सबैले भनेको एकै पटक मान्थे । अहिले कसैले पनि आग्रह, अनुरोध मान्ने होइनन् ।' लोकतन्त्रको नाममा अराजकता फैलिएको र विधिको शासनभन्दा पनि कसरी आलोचना गर्न सकिन्छ भन्नेमा मात्र मान्छेका चेतना विकास भएको देख्दा उनलाई उदेक लागेर आउने गरेको छ ।



युद्धमा सबैलाई समान व्यवहारका साथै भेदभावमुक्त भएको समय सम्झँदै उनी भन्छिन्, 'दाइभाइ, दिदीबहिनी भन्ने मात्र थियो, विभेद भएको थाहा पाउन वित्तिकै कारवाही भोग्नुपथ्र्यो, अहिले कसले कसलाई कारवाही गर्नु मनपरि छ ! कानून भएर के गर्नु पालन गर्ने निकाय नै बेखबर भएपछि कसको के लाग्छ र ?'

उनी जस्तै अर्का युवा भरत पुन दैनिक गाउँ/गाउँमा जातीय भेदभाव, छुवाछूत अन्त्यको सन्देश लिएर सर्वसाधारणलाई जम्मा गर्दै चेतनाका आवाज बुलन्द परिरहेका छन् । उनलाई साथ दिन उनको वडाबाट ४१ जना युवाको समूह सक्रिया रहेको छ । जब गाउँमा युवाको नेतृत्व गरी भरत जानन्छन्, तब युवा र वृद्धबीचमा छुवाछूत, भेदभावको विषयमा खुलेरै छलफल हुन्छ । तर वृद्ध अवस्थाका जनसाधारणले युवाको कुरामा खासै ध्यान नदिएको देख्दा भरतलाई जातीयतामा पुस्ताको लडाइँ भएको जस्तो लाग्छ ।

अहिले भेरी नगरपालिकाले १३ वटै वडामा २५ देखि ५१ जनासम्मको युवा समूहलाई जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि जागरण अभियान सञ्चालन गर्न अभियान सञ्चालन गरेको छ । यो युवाको समूहले टोल-टोलमा गएर समूह निर्माण गरी भेदभावका विषयमा जागरण पैदा गर्नेकार्य गरिरहेको भेरी नगरपालिकाका प्रवक्ता पार्वती विकले जानकारी दिइन् ।

जेठ २१ गते भेरी नगरपालिकालाई जातीय भेदभाव र छुवाछूत अन्त्य भएको घोषणा गर्नका लागि सबै प्रकारका सामाजिक जागरणको अभियान शुरु भएको उनी बताउँछिन् । उनी भन्छिन्, 'जातीय विभेद, भेदभावको अन्त्यका लागि गरिने भेला, बैठक र छलफलमा जनप्रतिनिधिले नै अवरोध गर्दा दुःख लाग्छ । हाम्रा सोच कहिले बदलिन्छन्, भेला र छलफलमा ७५ प्रतिशत महिला दिदीबैनी आउनुहुन्छ तर पुरुषको संख्या भने न्यून हुने गर्दछ ।'

जातीय विभेदका कुरा गर्दा चुनावको बेला चाहिने नारा अहिले किन लगाउने भनेर ठाडो जवाफसमेत आउने गरेको प्रवक्ता विकको भनाइ छ । दलित समुदायको चेतना अभिवृद्धिका लागि राज्यले लगानी धेरै गर्नुपर्ने दलित समुदायका अगुवाको भनाइ छ । अहिले गाउँ/गाउँमा जनता परिवर्तन चाहन्छन् तर राजनीतिक नेतृत्व छुवाछूत अन्त्य गर्ने अभियानमा सक्रिय सहभागिता नजनाउँदा समस्य भएको अभियन्ताहरु बताउँछन् ।

छुवाछूत अन्त्यका लागि भेरी नगरपालिकाले गरेको यो अभियानले मान्छेले मान्छेमाथि गर्ने मानसिक, शारीरिक दमनको अन्त्य गर्ने एक महाअभियान भएको नगरप्रमुख चन्द्रप्रकाश घर्तीको भनाइ छ । उनी भन्छन्, 'हामी संसार बदल्ने कुरा गर्छौं, तर आफूले आफैलाई बदलेर देखाएमा मात्र संसार आफै बदलिन्छ, ठूला कुरा मात्र गरेर के काम ? परिणाममा चाहिएको छ अब, त्यसको नेतृत्व भेरी नगरपालिकाले गरेको छ ।'

जिल्लाको मुटु मानिएको भेरी नगरपालिकामा गरिएको यो पहिलो अभियानले अन्य स्थानीय तहलाई सिकाइ हुने प्रदेशसभा सदस्य जाजरकोट 'क' का गणेशप्रसाद सिंह बताउँछन् । जिल्ला सदरमुकाम रहेको र सबैभन्दा बढी नेता अनि नेतृत्व भएको भेरी नगरपालिकाबाट शुरु गरिएको जातीय भेदभाव र छुवाछूत अन्त्यको अभियानले समग्र जिल्लावासीलाई सकारात्मक दिशातिर लिन मद्दत गर्ने सिंहको भनाइ छ ।

'समाजको उन्नति र प्रगतिको बाधक जातीय विभेद हो,' उनी भन्छन्, 'उच्च शिक्षासम्म दलित समुदायका बालबालिकाका लागि निःशुल्क शिक्षा र रोजगारका अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ ।' दलित समुदायलाई समाजमा रुपान्तरण गर्न र कुप्रथाको जालो च्यात्न प्रदेश सरकारले कानून निर्माण गरिरहेको उनको भनाइ छ ।

पञ्चायती व्यवस्थादेखि गणतन्त्रसम्म आइपुग्दा कागजी रूपमा जातीय विभेद अन्त्य भएको घोषणा गरिए पनि व्यवहारमा लागू नहुँदा दलित समुदायमाथिको छुवाछुत नहटेको दलित अगुवा बताउँछन् । दलित समुदायलाई अझै पनि मन्दिर प्रवेश गर्न र घर प्रवेशमा निषेध गरिँदै आएको छ । कथित उपल्लो जातका व्यक्तिलाई छोइहाले छोइछिटो गर्ने चलन यद्यपि कायमै रहेको उनीहरुको भनाइ छ । 'जातीय विभेद र छुवाछुत हटाउन सबैको प्रतिबद्धताको खाँचो रहेको छ,' नगरप्रमुख घर्ती भन्छन्, 'मनदेखिनै जातीय विभेद गर्दैनौं भनेपछि आफैँ हट्छ, यसका लागि प्रण गर्न सक्नुपर्छ ।'

# प्रदेशसभाका सेवा सुविधा सामाजिक काममा

**पोखरा/मस–** गण्डकी प्रदेशसभा सदस्य विन्दुकुमार थापाले प्रदेशसभा सदस्य भएबापत प्राप्त गरेका सम्पूर्ण सेवा सुविधा सामाजिक काममा खर्चिएका छन् ।उनले बुधबार पोखरामा पत्रकार सम्मलेन गरी निर्वाचनका समयमा आफूले निर्वाचित भएपछि प्राप्त गर्ने सेवा सुविधा सामाजिक कार्यमा लगाउने प्रतिबद्धता व्यक्त गरेअनुरुप यस वर्ष पनि विभिन्न सामाजिक कार्यमा सेवा सुविधाबापतको रकम खर्च गरेको जानकारी दिए ।

२०७५ फागुन १ गतेदेखि २०७६ पुस मसान्तसम्म प्रदेशसभाका बैठक भत्ता, मासिक पारिश्रमिक एवं अन्य सुविधाबापत प्रदेशसभाबाट छ लाख १० हजार ६२९ बैंक खातामा जम्मा भएको जानकारी दिँदै उनले उक्त रकममा केही थप गरी रु नौ लाख तीन हजार ७०१ सामाजिक काममा खर्च गरेको जानकारी दिए ।

विभिन्न सामुदायिक भवन निर्माण, खेलकूद, सडकलगायतका पूर्वाधार विकास एवं सामाजिक क्षेत्रमा क्रियाशील संघ संस्थालाई उक्त रकम प्रदान गरेको उनले बताए । गण्डकी प्रदेशमा जिम्मेवार प्रतिपक्षका रुपमा सरकारका राम्रा कामलाई सहयोग गर्दै आए पनि आफूहरूप्रति सरकारले निषेधको राजनीति गरेको उनको आरोप छ ।

प्रतिपक्षी दलका सांसदले राखेका जायज माग सरकारले सुन्न नचाहने गरेको बताउँदै प्रदेशसभा सदस्य थापाले आफू निर्वाचित भएको क्षेत्रमा सरकारले विकास निर्माणमा विभेद गरेको उल्लेख गरे । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमतर्फको बजेटलाई आफूले निकै सुझबुझ तथा समानुपातिक ढंगबाट सबैको उपस्थितिमा विनियोजन गरेको पनि उनले बताए ।

# 'तुलसीपुर मेट्रो कलेज' उद्घाटन

**दाङ/मस–** प्रदेश नं ५ का मुख्यमन्त्री शंकर पोखरेलले बहुप्राविधिक कलेज सञ्चालनले दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने बताएका छन् । दाङको तुलसीपुर उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज)को बुधबार उद्घाटन गर्दै उनले मेट्रो कलेजलाई नमूना बनाउने तयारी भएको बताए ।

उनले भने, 'अहिले उद्घाटन गरेको त न्वारान गरेको मात्रै हो, यो शिक्षालयलाई हामीले नमूना बनाउने योजना बनाएका छौँ ।' त्यसका लागि प्रदेश नं ५ सरकारले यस वर्ष १० करोड सहयोग गर्ने उनको भनाइ थियो । मुख्यमन्त्री पोखरेलले अहिले जनशक्ति विदेश गइरहेको तर नेपालमा दक्ष जनशक्ति बाहिरबाट ल्याउनुपर्ने अवस्था छ भन्दै अब नेपालको जनशक्तिलाई नेपालमै दक्ष बनाउने कार्य यो शिक्षालयले गर्नुपर्छ भने। प्रदेश नं ५ मा सिमेन्ट उत्पादनको केन्द्र बन्ने र सोहीअनुसार प्रदेश सरकारले प्रक्रियालाई अघि बढाएको भए पनि सिमेन्टमा काम गर्न सक्ने दक्ष जनशक्ति नेपालमा नहुँदा बाहिरबाट ल्याउनुपर्ने अवस्था रहेको उनको भनाइ थियो । त्यसैले सानातिना प्राविधिक सीपहरु पनि प्राविधिक शिक्षालयले दिनुपर्ने उनको धारणा थियो ।तुलसीपुर उपमहानगरपालिका-१२ मा रहेको पशुपति मावि हरिपौराको जग्गामा उक्त शिक्षालय निर्माण गरिएको छ । हाल वन विज्ञान पढाइरहेको भए पनि भविष्यमा कृषि, पशु, होटल म्यानेजम्यान्ट लगायतका विषय पठनपाठन गर्नेगरी तयारी थालेको उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले जानकारी दिए । अहिले वन विज्ञानमा ४० विद्यार्थी अध्ययन गरिरहेका छन् । दश वर्षभित्र पाँच हजार विद्यार्थी पढ्न सक्नेगरी पूर्वाधार निर्माण गर्न तयारी थालेको नगरप्रमुख पाण्डेको भनाइ थियो । त्यसका लागि रु ३० देखि ५० करोडसम्म लगानी लाग्ने र सोही स्थानलाई प्राविधिक शिक्षालयको केन्द्रका रूपमा विकास गर्न विज्ञ टोलीलाई जिम्मा दिएको नगरप्रमुख पाण्डेले जानकारी दिए ।


## भूल सुधार

मिति २०७६/१०/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगार शिर्षक, १. कम्पनी : Telephony Communication Technologis, र L.T. No.: 230697 को विज्ञापन भुलवस प्रकाशित हुन गएकोले यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमायाचना सहित सो विज्ञापन रद्द गरिएको छ ।

Sagar Recruitment Pvt. Ltd.
Dhumbarahi- 4, Kathmandu Tel: 4442232



## हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९३
माघ ९ गते

स्वर्गारोहण
वि.स. २०७६
माघ २ गते

स्व. रामफल गुरुङ

हाम्रा शुभेच्छुक तथा संघका निवर्तमान अध्यक्ष, वर्तमान सल्लाहकार एवं सदस्य संस्था टप जब्स प्रा.लि.का सञ्चालक श्री रोहन गुरुङका पुजनीय पिता रामफल गुरुङको यहि माघ २ गते ८४ बर्षको उमेरमा दिबंगत हुनु भएकोमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily
दैनिक
परिवार


## बदनाम...

नै अपराधिक घटनामा मुछिएका छन् ।

आपराधिक गतिविधिमा संलग्न जनप्रतिनिधिहरु बलात्कार, बलात्कार प्रयास, कोठी सञ्चालन, व्यक्ति हत्यादेखि तस्करीसम्मका आपराधिक गतिविधिमा मुछिएका छन् । यस्ता 'जनप्रतिनिधि' मध्ये कोही न्यायिक निकायबाट सजाय फैसला भएर कारागारमा कैद सजाय भुक्तान गरिरहेका छन् भने कोही पुर्पक्षका लागि थुनामा छन् । कोही धरौटीमा छुटेका छन् भने कोही फौजदारी अभियोग लाग्दालाग्दै पनि पदमा बहाल छन् ।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भएका ९२ जना वडा सदस्यदेखि सांसदसम्म निर्वाचित भएका थिए । उनीहरु विरुद्ध प्रहरीले मुद्दा चलाएको छ । निर्वाचित भइसकेपछि आपराधिक गतिविधिमा संलग्न वा आरोप लागेका व्यक्तिको संख्या ७७ छ । भ्रष्टाचार अभियोगमा मुद्दा चलेका सांसद हरिनारायण रौनियार र हत्या अभियोगमा अदालतमा मुद्दा विचाराधीन रहेका सभामुखमा प्रस्तावित अग्निप्रसाद सापकोटाजस्ता जनप्रतिनिधिको तथ्यांक त प्रहरीले राखेको पनि छैन ।

निर्वाचित हुनुपूर्व कर्तव्य ज्यान मुद्दामा मुछिएका २० जना छन् । सार्वजनिक अपराधमा ३१ र जबर्जस्ती करणीमा ५ जना 'जनप्रतिनिधि'विरुद्ध मुद्दा चलेको प्रहरीको तथ्यांक छ । अपराधका घटनामा मुछिनेहरुमा, वडा सदस्य, स्थानीय तहका अध्यक्ष तथा सांसदसम्म छन् । उनीहरुको संलग्नता सुन तस्करी, बलात्कार, मानव बेचविखन, मुर्ति चोरी, अवैध गर्भपतन र हत्यासम्म छ ।

यस्तै झुठा विवरण पेश गरी नागरिकता लिएको, सरकारी छाप दस्तखत कीर्ते, सार्वजनिक अपराध, ज्यान मार्ने उद्योगको अभियोग उनीहरुमाथि छ । जातीय छुवाछूत, बोक्सीको आरोप, चोरी, बैंकिङ कसुर, संगठित अपराधलगायतको घटनामा पनि जनप्रतिनिधि मुछिएका छन् ।

## चिनी...

भएकाले प्राधिकरणले अन्नपूर्णलाई रकम भुक्तानी गर्ने बेलामा मन्त्रालयलाई जानकारी दिनका लागि प्राधिकरणलाई पत्रचार गरेको छ । सरकार र उखु किसानबीच भएको सम्झौता सकिँदासम्म किसानले १६ प्रतिशत मात्रै भुक्तानी पाएका छन् । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट र उखु किसानबीच पुस १८ गते माघ ७ भित्र सबै भुक्तानी दिइसक्नुपर्ने सहमति भएको थियो। तर अहिलेसम्म किसानले १६ करोड १४ लाख रुपैयाँ मात्रै पाएका छन् । किसानले आठ उद्योगबाट अझै ८४ करोड २५ लाख रुपैयाँ पाउन बाँकी रहेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

## आन्दोलन...

छैन् ?', थारुले भने, 'हाम्रो घरमा आगजनी हुन्छ, चोरी हुन्छ, हाम्रो घरमा रेप हुन्छ तर हामीलाई ज्यान मार्ने उद्योग र डाँकाचोरीको मुद्दा लाग्छ। लोकतन्त्र यहीँहो ? संघीयता यहीँ हो ?'

खम्बुवान राष्ट्रिय मोर्चाका अध्यक्ष आर के खम्बुले देशमा संघीयता, स्वायत्तता स्थापना गर्न संघर्ष गर्नेलाई सरकारले दमन गर्ने नीति लिएको आरोप लगाए। सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले अग्नि सापकोटालाई सभामुखमा सिफरिस गरेको प्रति संकेत गर्दै राईले अदालतमा ज्यानमुद्दा चलिरहेका व्यक्तिलाई सभामुख बनाउने तर्खर गर्ने तर झुटामुद्दा लगाएर रेशम चौधरीलाई कसरी जेलमा राखियो भन्दै प्रश्न गरे ।

## मलेसियाको ...

२८ रिंगिट र हप्ताको ४ घण्टा काम गर्ने भए प्रतिघण्टा ६९ दशमलव २३ रिंगिट तलव पाउने छन् । मलेसियाका मानव संशाधन मन्त्री एम कुलासेगरनले फेब्रुअरी महिनाको २८ तारिखको प्रतिक्षा रहेको भन्दै त्यसपछि तलव कार्यान्वयन सम्बन्धमा थप निर्णय लिने बताएका छन् ।

# कुवेतमा गत वर्ष ४२ नेपालीको मृत्यु

**काठमाडौं/मस–** सन् २०१९ मा वैदेशिक रोजगारीका लागि कुवेत पुगेका नेपाली कामदार मध्ये ४२ जनाको मृत्यु भएको छ। मृत्यु हुने ४२ जनामा ३१ जना पुरुष र ११ जना महिला कामदार रहेका छन् । कुवेतस्थित नेपाली दूतावासका अनुसार एक तिहाई भन्दाबढीले हृदयघातका ज्यान गुमाएका छन् । हृदयघात भई मृत्यु हुने कामदारहरुको संख्या १५ रहेको छ ।

मृतकमध्ये सडक दुर्घटनामा बाट ५, कार्यस्थलको दुर्घटना र आत्महत्याबाट ३ जना, आगलागीमा परि ४ जना, परस्पर झगडाबाट एक जनाको मृत्यु भएको छ । मृत्युको कारण नखुल्ने कामदारको संख्या ७ रहेको छ । कुवेतमा घरेलु कामदारको रूपमा जाने नेपालीहरूको संख्या धेरै छ । कुवेतमा गतवर्ष संस्थागत रुपमा १५ हजार र अन्य तरीकाबाट गरी करिब २६ हजार नेपाली वैदेशिक रोजगारीका लागि पुगेका थिए ।

# दरबन्दीअनुसार प्रहरी नहुादा समस्या

**पाल्पा/मस-**जिल्लामा दरबन्दी अनुसार प्रहरी नहुँदा सेवा प्रवाहमा समस्या देखिएको छ । चार सय ५८ प्रहरी हुनुपर्नेमा अहिले तीन सय १३ प्रहरी मात्र कार्यरत छन् । करिब १४५ प्रहरीको अझै अभाव देखिएको हो । प्रहरीको दरबन्दी अनुसार जनशक्ति अभावले प्रहरीलाई छिटोछरितो रुपमा सेवा प्रवाह गर्न समस्या देखिएको हो । करिब एक महिनादेखि प्रहरी नायब उपरीक्षकको अभाव देखिएको छ । जिल्ला प्रहरी कार्यालयमा कायरत डिएपी कृष्णराज सापकोटाले अवकाश प्राप्त गरेपछि सो पद खाली हुँदै आएको हो । त्यसैगरी प्रहरी निरीक्षकमा तीन दरबन्दीमा दुई मात्र कार्यरत छन् ।

प्रहरी उपरीक्षक दीपेन्द्र जिसीले जिल्लामा दरबन्दी अनुसार प्रहरी नहुँदा जिल्ला प्रहरी कार्यालय मातहतका चौकीमा प्रहरी कम हुँदा समस्या हुँदै आएको बताए । कतिपय चौकीमा प्रहरी सहायक निरीक्षकको नेतृत्व हुनुपर्नेमा प्रहरी हबल्दारले नेतृत्व समालेका छन् । प्रहरीको दैनिक प्रशासनिक कामदेखि अपराध अनुसन्धानमा समेत प्रहरी कम हुँदा समस्या हुँदै आएको प्रउ जिसीको भनाइ छ ।


## भूल सुधार

मिति २०७६/१०/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यू.ए.ई र साउदीमा बैदेशिक रोजगारको अवसर शिर्षक, १. कम्पनी : Serveu Llc, र LT. No.: 230115 र चलानी नं.: ६०१४९३९९ र २. कम्पनी : Branch Contractor Works For Operation And Maintenance, र LT. No.: 230208 र चलानी नं.: ६०१४९४१४ को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ । हुनुपर्नेमा अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ । भएकोले भुलसुधार गरिएको छ ।

Seagull International Global H.R Consultants Pvt. Ltd., (Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal,
Tel : 4375822, 4375824



## हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९३
माघ ९ गते

स्वर्गारोहण
वि.स. २०७६
माघ २ गते

स्व. रामफल गुरुङ

यस संघका निवर्तमान अध्यक्ष, वर्तमान सल्लाहकार एवं सदस्य संस्था टप जब्स प्रा.लि.का सञ्चालक श्री रोहन गुरुङका पुजनीय पिता रामफल गुरुङको यहि माघ २ गते ८४ बर्षको उमेरमा दिबंगत हुनु भएकोमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछौं ।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८



## मलेशियामा रोजगार | Company : PENDANG NURSERY SDN. BHD. City : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२४ चलानी नं.: ६०१४९८५९ L.T. No.: 230788 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 6 | 0 | स. काममा दक्ष | 1100 | ३०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
बसुन्धारा-०३ काठमाडौ, फोन: ४३६११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com
प्रम इजाजत पत्र नं. ३३९/०५९/०६०



## Kuwait मा रोजगारको अवसर

McDonald's
कम्पनी : AL MAOUSHERJI CATERING CO शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/०५/२० पुन स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१४३४४६ पुन चलानी नं.: ६७९ LT. No.: 223864

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Crew/ Food Attendant | 50 | 50 | सम्बन्धित काममा दक्ष | 120 | ४४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Star (Customer Relation) | 0 | 50 | | 125 | ४६,७७५ | | | | | | | |
| 3. | Driver | 14 | 0 | | 150 | ५६,१३० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता स्काई पार्टी प्यालेस, सामाखुसी, काठमाडौंमा माघ १८, १९ र २० गते (1, 2 & 3 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Samakhushi, Townplanning, Kathmandu
Tel: 4358395, 4359043, 4390696, Fax: 4387582
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com
License No.: 822|066|067

# मन्त्री बाँस्कोटाको निर्देशन
# 'माघमा शुरू नहुने कार्यक्रमको रकम फिर्ता गर्नु'



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले मन्त्रालय र मातहतका निकायलाई यही माघ महिनाभित्र गर्नुपर्ने भनी तोकिएका काम अघि नबढेमा बजेट फिर्ता हुने बताएका छन् । सञ्चार मन्त्रालय र सम्बन्धित निकायको आर्थिक वर्ष २०७६/०७७ मा सञ्चालन गरिने कार्यक्रमको बुधबार सिंहदरबारमा सम्पन्न अर्धवार्षिक समीक्षा बैठकमा मन्त्री बाँस्कोटाले वार्षिक कार्यक्रममा रहेकामध्ये हालसम्म खर्च हुन नसकेको वा हुन नसक्ने अवस्थामा रहेका बजेट रकम फिर्ता गर्न निर्देशन दिएका हुन् ।

त्यसरी बाँकी देखिएका रकम अन्य सेवा र कार्यक्रममा लगाउन सकिने बताउँदै उनले शुरुआत नै गर्न नसकिएका कामको बजेट कायम राखेर जाम गर्नु अनुचित हुने र त्यस्तो गर्ने निकाय वा विभागीय प्रमुखलाई विभागीय कारवाही गरिने स्पष्ट गरे । मन्त्री बाँस्कोटाले मन्त्रालयको समष्टिगत पूँजीगत खर्चको रकम थोरै भए पनि तोकिएको रकम समयमै खर्च हुन नसक्नाको कारण बताउन निर्देशन दिँदै भने, 'जे काम गर्न प्रतिबद्ध भएको हो, त्यसमा खर्च हुनै पर्छ । हुनै नसक्ने कामको सूची तयार गरेर तीनचार दिनभित्र पेश गर्नुस् । काम गर्न थालेपछि रकम अपुग भएमा अर्थ मन्त्रालयले विचार गर्छ ।' मन्त्री बाँस्कोटाले थपे, 'स्वीकृत कार्यक्रम र बजेट नछुट्टिइकन जथाभावी खर्च गर्न पाइँदैन । रकम बाँकी राखेर आर्थिक वर्षको अन्तिममा सभा,गोष्ठी गरेर भए पनि खर्च गर्ने प्रणालीको अन्त्य हुनुपर्छ ।'

उनले रेडियो नेपालको जग्गा नेपाल दूरसञ्चार प्राधिकरणलाई बिक्री गर्ने निर्णय कार्यान्वयनमा भएको ढिलाइबारे एक साताभित्र टुंगो लगाउन, सामाजिक सञ्जाल फेसबुक आदिबाट भइरहेको खर्च र आम्दानीमा राजश्व र करका सम्बन्धमा रायसुझाव दिन अध्ययन समिति गठन गर्न र नेपाल टेलिभिजनको अंग्रेजी वर्ल्ड च्यानल सञ्चालनको खाका ल्याउन नेपाल टेलिभिजनका पदाधिकारीलाई निर्देशन दिए ।

बैठकमा मन्त्रालयसँग सम्बन्धित विभिन्न निकायमध्ये चारबाहेक अन्य निकायले अर्धवार्षिक समीक्षा प्रस्तुत गरेका थिए । मन्त्रालयका सहसचिव राधिका अर्यालले प्रस्तुत गरेको विवरणमा सो मन्त्रालयको चालु आवका लागि विनियोजित बजेटमध्ये हालसम्म चालूतर्फ ४५ दशमलव ४१ र पूँजीगतमा २४ दशमलव ०८ प्रतिशत मात्र खर्च हुन सकेको जनाइएको छ ।

# गाउँपालिका कार्यालयमा आगजनी र बम फेला



**बैतडी/मस-**सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा) बैतडी जिल्ला अध्यक्ष सुरेन्द्र पालको घरको मूलद्वारमा राखिएको प्रेसरकुकर बम नेपाली सेनाले निष्क्रिय पारेको छ । डिलाशैनी गाउँपालिका-३ पंसेरामा रहेको अध्यक्ष पालको घरको मूलद्वारमा भेटिएको उक्त बम बैतडीस्थित नेपाली सेनाको हनुमानध्वज गुल्मको टोलीले निष्क्रिय पारेको प्रहरीले जनाएको छ ।

बुधबार बिहान ३ बजे भेटिएको बम सेनाको टोलीले मध्याह्न पौने १२ बजे निष्क्रिय पारेको हो । यस्तै डिलौशैनी गाउँपालिकाको म १ च ४८८ नम्बरको स्कारपियोमा पनि आगजनी गरिएको छ । नेकपाका अध्यक्ष पालको उक्त स्कारपियो गाउँपालिकाले भाडामा लिएको थियो । पालकै से १ च ४५९ नम्बरको जेसिबीमा पनि आगजनी गरिएको छ ।

डिलाशैनीगाउँपालिकाको सम्पर्क कार्यालय पंसेरामा पनि आगजनी गरिएको छ । गाउँपालिका-३ पंसेरामा रहेको सम्पर्क कार्यालयको प्रशासन कक्षमा आगजनी गरिएको हो । प्रशासन कक्षको ताल्चा फुटालेर गरेको आगजनीबाट कम्प्युटर, दराज र अन्य महत्वपूर्ण कागजपत्र जलेर नष्ट भएको गाउँपालिका अध्यक्ष उकेन्द्र बोहराले जानकारी दिए ।

आगजनी र बम कसले र किन राखिएको भन्नेबारे केही खुल्न नसकेको प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेयले जानकारी दिए । डिलाशैनी गाउँपालिका केन्द्रको विषयमा लामो समयदेखि विवाद हुँदै आएको थियो ।

राज्य पुनःस्थापना हुँदा डिलाशैनी गाउँपालिका-७ मा केन्द्र तोकिएको भए पनि हाल सम्पूर्ण कामकाज वडा नं ३ बाट हुँदै आएको छ । नेकपा अध्यक्ष पालकै घर रहेको पंसेरामा केन्द्र सार्ने चलखेल भएको स्थानीयको आरोप रहेको छ । डिलाशैनीमा नेकपाकै अध्यक्षका साथै गाउँ कार्यपालिकामा पनि नेकपाकै बहुमत रहेको छ ।

घटनाको थप अनुसन्धान भइरहेको बैतडी प्रहरीले जनाएको छ ।गाउँपालिका अध्यक्ष बोहराले भने केन्द्रका विषयमा असन्तुष्ट पक्षले आगजनी गरेको हुनसक्ने आशंका गरेका छन् । सम्पर्क कार्यालय रहेको ठाउँ गाउँपालिकाको केन्द्रका लागि उपयुक्त भनेर प्रतिवेदन सार्वजनिक भएपछि त्यसको विरोध भइरहेको छ ।

## ५ हजार घुससहित प्रहरी पक्राउ

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ८ माघ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सिरहाको सुखिपुर इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानलाई ५ हजार घुस सहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा इलाका प्रहरी कार्यालय सुखिपुरमा कार्यरत प्रहरी जवान राजकुमार यादवलाई ५ हजार घुस सहित अख्तियारको टोली बुधबार पक्राउ गरेको हो ।

घरायसी प्रयोजनको लागि भारतीय बजारबाट सामान ल्याउन सहयोग गरिदिने भन्दै घुस मागेका उनलाई पक्राउ गरिएको आयोगले जनाएको छ । पक्राउ गरिएको यादवलाई अख्तियारको टोलीले थप अनुसन्धानका लागि बर्दिबास लगिने जनाइएको छ । यता केहीदिन अगाडि सडक डिभिजन कार्यालय लाहानबाट करिब १९ लाख घुस सहित ३ जना पक्राउ परेको थियो ।

## विप्लव समूहका सिन्धुपाल्चोक सेक्रेटरी पक्राउ

**भक्तपुर/मस-** नेत्रविक्रम चन्द 'विप्लव' समूहका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरी आज सार्वजनिक गरेको छ । व्यापारीलाई धम्क्याउँदै चन्दा असुली गरिरहेको अवस्थामा प्रहरी वृत्त थिमिको प्रहरी टोलीले मेलम्ची नगरपालिका-९ सिन्धुपाल्चोक बस्ने ४४ वर्षीय भुवनसिंह तामाङलाई मङ्गलबार पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले जानकारी दिए ।

प्रहरीले मध्यपुरथिमिस्थित चारदोबाटोमा स्थानीय व्यापारीलाई धम्क्याउँदै जबरर्जस्ती चन्दा असुली गर्दै गरेको अवस्थामा पक्राउ गरी अनुसन्धान गर्दा चन्द समूहको सिन्धुपाल्चोक सेक्रेटरी रहेको खुलेको प्रहरीले जनाएको छ । पक्राउ परेका तामाङलाई अभद्र व्यवहार कसूरमा म्याद थप गरी थप अनुसन्धान थालिएको छ ।

## मोटरसाइकल चोरी गर्ने नियन्त्रणमा

**झापा/मस-** झापाको बिर्तामोडस्थित बिर्तासिटी अस्पताल परिसरबाट मोटरसाइकल चोरी गर्ने एक व्यक्तिलाई आज प्रहरी पक्राउ गरेको छ । पक्राउ पर्नेमा मेचीनगर नगरपालिका-१३ चारआली बस्ने २० वर्षीय विनोद तामाङलाई मे११प २२७३ नंको मोटरसाइकल चोरेर भाग्दै गर्दा प्रहरीले पक्राउ गरेको हो ।

स्थानीयको सहयोगमा दिउँसो १२:४० मा मोटरसाइकल चोरेर भाग्दै गर्दा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको छ । उनलाई इप्रका अनारमनीमा राखेर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## तस्करले थापेको पासोमा चितुवा



कञ्चनपुर/मस-तस्करले थापेको पासो (धराप)मा चितुवा परेपछि उद्धार गरिएको छ । कञ्चनपुरको भीमदत्त नगरपालिका-९ ब्रह्मदेवस्थित सिद्धनाथ सामुदायिक वनमा तस्करको पासोमा परेका चितुवाको उद्धारका लागि नेपाली सेनाको सिंहसार्दुल गुल्म भगतपुर, सीमा प्रहरीचौकी ब्रह्मदेव तथा डिभिजन वन कार्यालय कञ्चनपुरको टोली उद्धारमा खटिएको थियो । भीमदत्त नगरपालिकाले चुरेको फेदमा छाडा गाईवस्तुका लागि निर्माण गरेको गौशालाको रेखदेखमा खटिएका कर्मचारीले चितुवा पासोमा परेको भेट्टाएपछि सोबारे सीमा प्रहरीचौकी ब्रह्मदेवलाई जानकारी गराएका थिए । लगत्तै सेना, प्रहरी र डिभिजन वन कार्यालय कञ्चनपुरको टोली घटनास्थल पुगेको हो ।

वन कार्यालयका प्रमुख अजयविक्रम मानन्धरले प्रारम्भिक अनुसन्धानका क्रममा तस्करले चितुवा मार्न पासो थापेको पाइएको बताए । 'चितुवा जिउँदै छ, उद्धारका लागि बर्दिया राष्ट्रिय निकुञ्जको टोली मगाएका छौं,' उनले भने ।

# अतिक्रमित जमिन फर्काउने अभियानमा सरकार : मन्त्री अर्याल



**दमौली/मस-** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले अतिक्रमित जमिन फर्काउने अभियानमा सरकार दृढ संकल्पका साथ लागिपरेको बताएकी छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तनहुँले बुधबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारी जमिन व्यक्तिको नाममा दर्ता गर्ने जो कसैलाई पनि कारवाही गरिने बताइन् ।

जमिनको अतिक्रमण व्यापकरुपमा बढिरहेकाले अतिक्रमित जग्गा फिर्ता ल्याउन सरकारले प्रयत्न गरिरहेको मन्त्री अर्यालले बताइन् । 'जमिनको अतिक्रमण रोक्न सरकार तीव्ररुपमा लागिपरेको छ, जमिन अतिक्रमण गर्ने जो सुकै भए पनि कारवाहीको दायरामा ल्याउँछौं,' उनले भनिन्, 'अतिक्रमित जमिन फर्काउने अभियानमा सरकार लागेको छ ।' उनले दूषित दर्तालाई बदर गर्ने अभियानमा सरकार अगाडि बढेको बताउँदै जमिन अतिक्रमण गर्नेविरुद्ध जनताले सरकारलाई सूचना दिनुपर्नेमा उल्लेख गरिन् ।

मन्त्री अर्यालले लामो समयदेखि अव्यवस्थित रुपमा बसोबास गर्दै आएका पीडित जनतालाई सरकारले न्याय दिने उल्लेख गर्दै पीडितका नाममा सरकारी जग्गा व्यक्तिको नाममा गराउनेलाई सरकारले नछाड्ने चेतावनी दिइन् । भूमि व्यवस्थापन ठीक ढंगले गर्न यससँग जोडिएका कानून निर्माण गरिएको उनले जानकारी गराइन् । संसद्मा दर्ता भएको भूमि व्यवस्थापन विधेयक सभामुख चयन हुन नसक्दा प्रमाणित हुन नसकेको र त्यसले कानूनी मान्यता पाउन नसकेको उनले बताइन् ।

यही माघ १२ गते सभामुख चयन भएपछि भूमि व्यवस्थापन विधेयक प्रमाणित हुने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने काम शुरु हुने मन्त्री अर्यालको भनाइ थियो। गत असोजदेखि आगामी एक वर्षको अवधिमा एक लाख अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने गरी कार्ययोजना बनाइएको मन्त्री अर्यालले बताइन् । 'वर्तमान सरकारले पनि भूमि व्यवस्थापन गर्न नसके भविष्यमा निर्माण हुने सरकारले भूमि व्यवस्थापन गर्ला कि नगर्ला भन्ने सर्वसाधारणमा चिन्ता व्यापक छ,' उनले भनिन्, 'त्यसतर्फ सरकार सचेत छ ।'

मन्त्री अर्यालले मुलुकमा २७ प्रतिशत जमिन मात्रै खेतीयोग्य रहेकाले सिंगो जमिनलाई उत्पादनमूलक बनाउनु मुख्य चुनौतीका रुपमा रहेको बताइन् । अधिकतम जमिनलाई उत्पादनमूलक बनाउन सरकारले भूउपयोग नीति बनाएको बताउँदै उनले भनिन्, 'सर्वसाधारणलाई जमिन उत्पादनमूलक काममा प्रयोग गर्न उत्प्रेरित गरिनेछ, सर्वसाधारणले उत्पादनमूलक काममा जमिन प्रयोग गर्न नसके सरकारले भूमि बैंक बनाउने र भूमि बैंकले जमिनलाई उत्पादनसँग जोड्ने काम गर्नेछ ।'

सो अवसरमा नेकपाका शुक्लागण्डकी नगर कमिटी अध्यक्ष मुक्ति तिमिल्सिनाले नगरपालिकाभित्र धेरै अव्यवस्थित बसोबास रहेकाले त्यसलाई समाधान गर्न पटकपटक सरकारको ध्यानाकर्षण गराउँदै आएको बताए । उनले अव्यवस्थित जग्गा व्यवस्थापनका लागि धेरै पटक आयोग बनेपछि पुर्जा पाउन नसकिएको बताए ।


**मलेसियामा रोजगार** कम्पनी: EJH FOOD INDUSTRIES SDN BHD
शहर: PEHANG

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ | चलानी नं.: ६०१५०३८५ | LT. No.: 230938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 20 | 0 | स. काममा दक्ष | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिथिला मेनपावर सर्भिसेस् प्रा. लि.**
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, Website: mtlgroup.com.np
फोन: ४४९११०४, फ्याक्स: ४४९४९८६, Email: mithila_menpower@yahoo.com
९८५११२९३७१, ९८०१०२९३७३, ९८०२०७६३३६, ९८४१३१६३१५, ९८५४०३०५७७, ९८४४०५८४१८



**तालिमको सुवर्ण अवसर**

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्पर्क गर्नुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

**HILTON ACADEMY PVT. LTD.**
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Bal Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



**होटल तालिम !**
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहनेछ ।
Get your skill for your future carrier



✓ **HK**
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ **KITCHEN**
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ **F&B**
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ **FRONT DESK, RECEPTION**

**रोजगारी पनि भविष्य पनि**
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

**NICHOLAS HOSPITALITY SERVICES (P).LTD**
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# कानूनी शासनको अनुभूति दिलाउ

गण्डकी प्रदेशसभा सदस्य राजीव गुरूङ (दीपक मनाङ्गे) ले अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीका अध्यक्ष मिलन गुरूङ माथि हातपात गरेको स्वीकार मात्रै गरेका छैनन्, थप उत्साहका साथ पत्रकार सम्मेलन नै गरेका छन् । मुख्यमन्त्री कप फुटबलको व्यवस्थापनका विषयलाई लिएर प्रदेश सांसद मनाङ्गेले कुटपिट गरेका हुन् । तिनै सांसद मनाङ्गेले बुधबार पत्रकार सम्मेलन गरी आफूले कुटपिट गरेको समेत स्वीकार गरे । उनले एन्फाका केन्द्रीय अध्यक्ष कर्मा छिरिङलाई नै कुटपिट गर्ने योजना बनाएको तर, कर्मालाई नभेटे पछि जिल्ला अध्यक्ष गुरूङलाई कुटपिट गरेको समेत बताए ।

त्यति मात्र होइन, उनले पूर्व प्रधानमन्त्रीहरू पुष्पकमल दाहाल र झलनाथ खनाल माथि जनताले हातपात गर्दा खुशी मनाउनेहरू आफूले कुटपिट गर्दा दुखी हुनुपर्ने कारण नरहेको अभिव्यक्ति पनि दिए । सांसद मनाङ्गेको अभिव्यक्ति र मुहारमा कतैपनि पश्चताप देखिन्न, बरू बहादुरी नै देखाउने प्रयास गरेका छन् र पत्रकार सम्मेलन बाहेक आम सञ्चार माध्यमहरूलाई अन्तर्वार्ता नै दिएर कुटपिट गरेको अनि यसमा आपत्ति जनाउनुपर्ने कारण नरहेको बताएका छन् ।

देशभर चर्चामा रहेको यो प्रकरणमा सरकारको प्रतिक्रिया बुधबार अबेरसम्म आएको देखिदैन । बरू, सवैतिर मनाङ्गे छाएका छन् । उनका अभिव्यक्ति, सरकार र समाज माथि गरिएको प्रश्न नै चर्चामा छ । स्वतन्त्र उम्मेद्वारी दिए पनि मनाङ्गेलाई जिताउन सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को समर्थन रहेकाले पनि बढी चर्चाको विषय बनिरहेको छ । निर्वाचन लगत्तै मनाङ्गे नेकपामै प्रवेश गरिसकेकाले उनी सत्तारूढ सांसद हुन् । सत्तारूढ सांसदले नै विधिको शासन र संविधानको सर्वोच्चता हातमा लिएर खुलेर पत्रकार सम्मेलन गर्नु तर, प्रदेश र संघीय सरकारले मौनता देखाउनु सामान्य विषय पटक्कै होइन ।

त्यसै पनि 'कानून निरीहका लागि मात्रै' भन्ने मनोविज्ञान आम रूपमा विकास भइरहेका बेला प्रदेश सांसद मनाङ्गेले हातपात गर्नुलाई ठीक भएको दावी सहित पत्रकार सम्मेलन नै गर्दै हिड्नुले संविधान प्रतिको भरोसा घटेर जान सक्छ । पूर्व राजसंस्थामा जस्तै गणतन्त्रमा पनि भीभीआईपीलाई कानून लाग्दैन भन्ने मनोविज्ञानको निर्माणले लामो राजनीतिक संघर्षबाट स्थापित उपलब्धीमाथि प्रश्न उठ्न सक्छ । यस्तो गतिविधिले प्रतिगमनलाई निम्तो दिने र सामाजिक न्याय स्थापित गर्न कठिन हुने अवस्था समेत सिर्जना हुन सक्छ । तसर्थ, यो प्रकरणलाई प्रदेश र संघीय सरकारले सामान्य रूपमा लिनु गम्भीर भूल हुनेछ ।

# संघीयता कार्यान्वयनमा देखिएका जटिलताहरू



■ उमेशकुमार भट्टराई

> संघीय शासन प्रणालीप्रति जनताको आशा, भरोशा बढ्दै गइरहेको छ भने त्यस्तै केही जनप्रतिनिधिहरूले गरेका आर्थिक अनिमियतता, सेवा सुविधा वितरणमा नातावाद र ब्यक्तिवादका घटनाले जनप्रतिनिधिप्रति अविश्वास पनि बढ्दै आइरहेको छ ।

देश अहिले संघीयताको अभ्यासमा छ । केन्द्र प्रदेश र स्थानीय गरी तीनै तहबाट अहिले जनतालाई सेवा प्रदान गर्ने कार्य भइरहेका छन् । नेपालको परिवेशमा यो नितान्त नयाँ राज्य सञ्चालन प्रणाली भएपनि यसका विभिन्न व्यवहारिक र प्रशासनिक जटिलतालाई चिर्दै बिस्तारै यो प्रणालीप्रति जनता पनि सहज रुपमा अभ्यस्त हुँदैछन् । संघीयता कार्यन्वयनको क्रममा पहिलो र दोस्रो वर्षमा देखिएका प्रशासनिक र व्यवहारिक जटिलताहरु विस्तारै कम हुँदै गएका छन् ।। दसकौं लामो केन्द्रीकृत व्यवस्थामा अभ्यस्त जनताको आम मनोविज्ञान र अर्को थरी संघीय व्यवस्थाले वितरण गर्ने सेवाबाट लाभान्वित हुने जनताको अपेक्षाबीच तारतम्य नमिल्दा केही विरोधका आवाज पनि उठ्दै आएका पनि छन् । जसलाई केही विज्ञहरु र राजनीतिक बुर्जुकहरुले स्वाभाविक रुपमा लिएका छन् भने कहिले यो संघीय प्रणाली नेपालको भौगोलिक र राजनीतिक कारण देखाउँदै सही नभएको टिप्पणी गर्ने गरेका छन् ।

संघीयताको बारेमा सुनेका तर त्यसको अनुभूति नगरेका नेपाली जनताको लागि यस प्रणालीभित्र बसेर दैनिक कार्य सम्पादन गर्न अझै केही समय लाग्नेछ भने यो प्रणालीले जनप्रतिनिधिलाई पनि केही दवाब सिर्जना गर्छ भनेर सजग रहन पनि सिकाउँछ । विगतमा दशक पिच्छे हुने नेपालको राजनीतिक उथल पुथलले नेपाली जनतालाई वस्तुवादी कम र आर्दशवादी धेरै बनाउने खालको संस्कार विकास गरेको थियो । केही अपवादबाहेक आर्दशवादी प्रवृतिको प्रभाव अहिले पनि हाम्रो समाजमा विद्यमान छ । विगतको मानसिकता र काम गर्ने शैली एक किसिमको र संघीयता पछिको कार्यशैली एक किसिमको भएकोले पनि केही असहजताहरु छन् भने सरकारले पनि पुरातन मानसिकताबाट ग्रसित कर्मचारीलाई समायोजन गर्न देखिएको प्राविधिक र व्यवहारिक कठिनाइले पनि अहिले नै यो व्यवस्थाले दिने परिणामको बारेमा कुनै टिप्पणी गरिहाल्न सक्ने अवस्था छैन ।

संघीयताको बारेमा विभिन्न बहस गरिरहँदा सैद्धान्तिक रुपमा के बुझ्न जरुरी छ भने जुनसुकै राज्य व्यवस्थामा त्यसका राम्रा पक्ष र नराम्रा पक्षहरु हुन्छन् र त्यही अनुपातमा विरोधको आवाजहरु पनि उठ्छन । सबैका आ-आफ्ना स्वार्थ र अभिस्टहरु हुन्छन् । आफू अनुकुल नहुँदा आवाज उठाउनु र बिरोध गर्नु यो एउटा स्वाभाविक प्रभाव हो । समग्रमा राज्यले जनताको जनआकांक्षा बमोजिम कार्य सञ्चालन गर्न सक्छ कि सक्दैन त्यो अहम प्रश्न हुन सक्छ तर व्यबस्था कुनै गलत हुँदैन । हिजोको एकात्मक व्यवस्थाको केन्द्र भागमा बसेर राज्यको स्रोत साधनमा हाली मुहाली गरेर अभिजात वर्गका लागि केही असजिलो हुने कुरा कुनै अप्राकृतिक होइन । व्यवस्था परिवर्तनले ल्याएको शासन प्रणालीको पुन:संरचनाले आम समाजमा पारेको सकारात्मक र नकारात्मक प्रभावहरुबारे खोजी गर्नुपर्छ । नयाँ प्रणाली भएकोले कठिनाइ हुन सक्छन् सर्वपक्षीय छलफल र बिज्ञहरुको सुझावमा प्राबिधिक र राजनीतिक रुपमा देखिएको अप्ठ्यारालाई बिस्तारै कम गर्दै लानुपर्छ ।

जनताको आमुल परिवर्तका निम्ति सामाजिक न्यायसहितको समृद्धिको कार्ययोजना र त्यसको कार्यन्वयनमा आम जनताको सहभागिताले समाज विकासमा अर्थपूर्ण भूमिका निवार्ह गरेको हुन्छ । जुन कुरा विद्यमान शासन प्रणालीको आत्मबल हो । शासन प्रणालीको चरित्र आम जनताको हित गर्ने खालको छ कि छैन भन्ने विषय नै समाज विकासका निम्ति प्रमुख पक्ष रहन्छ । शासन व्यवस्था जनताको समग्र हितको प्रतिनिधित्व गर्ने खालको भएन भने समाजको सर्वाङ्गीण विकास निमार्ण पक्षपाती र विभेदिकरणमा परिभाषित हुन्छ । जसको परिणाम समाजमा अस्थिरता, चञ्चलता र असन्तोषका आवाजहरु मुखरित हुने गर्छन् । यसको व्यवस्थापन उचित ढंगले हुन सकेन भने समाजिक सम्बन्धहरुलाई पुन:परिभाषा गर्न जनताले पुन:विग्रह गर्नपर्ने बाध्यतात्मक अवस्थाको सृजना हुन्छ । जुन किसिमका गतिविधिहरु विगतमा भए जसको परिणाम देशमा आमुल क्रान्तिकारी परिवर्तन सम्भब भयो र देशको शासनसत्ताको बागडोर जनताको हातमा आइपुग्यो । २०७४ सालको स्थानिय तहको निवार्चन पश्चात जनताहरुले गाँउ, टोल तहको शासन व्यवस्था सञ्चालनको मियो बन्ने अवसर प्राप्त गरेका छन् ।

समयावधिको हिसाबले संघीयताको कार्यन्वयन अहिले भ्रुण अवस्थामै छ भन्दा फरक नहोला । यसले परिपक्वता प्राप्त गर्न समय लाग्छ ।। स्वभाविकै हुन्छ जँहा इच्छा, आकांक्षा हुन्छ त्यहाँ गुनासाहरु पनि हुन्छन् । वास्तवमै संघीय व्यवस्थासंग नेपाली जनताका अथाह आशाहरु जोडिएका हुंदा केही गुनासाहरु पनि हुने नै भए । तथापी गुनासाका परिभाषाहरु हिजोको भन्दा ठ्याक्कै बदलिएका छन् । विगतका गुनासाहरु सिधै काठमाडौंसँग हुने गर्दथे भने आजका गुनासाहरु आफ्ना जनप्रतिनिधिहरुसँग हुने गरेका छन् । विगतमा कर्णालीका समुदायको गुनासो सिंहदरवारसँग, महिलाको गुनासो पितृ सत्तात्मक सोचसँग, मधेशको गुनासो पहाडसँग, दलित समुदायको गुनासो ब्रहमाणवादी सोचसंग, आदिवासी जनजाति समुदायको गुनासो खस प्रभुत्वसँग र निमुखाको गुनासो कुलिनतन्त्रसँग रहेको हुन्थ्यो । जसले गर्दा विगतको नेपाली समाजको आमचिन्तन एक समुदाय अर्को समुदायको उन्नति र प्रगतिको प्रमुख बाधक ठान्ने थियो । तर संघीयता कार्यन्वयनपश्चात आमसमाजको चिन्तनमा उल्लेखनिय परिवर्तन भएको छ । संघीय संरचनाहरुले राज्यको आधार भूत तहदेखि माथिल्लो तहसम्म सिर्जना गरेका प्रशासनिक संयन्त्रहरुको कामकारर्वाहीले विगतका एकात्मक सोचहरु आलोचनात्मक चेतमा रुपान्तरण हुँदैछन् । संघीयतापछि प्रशासनिक कार्यमा भएको सहजताले जनताको दैनिकीमा ब्यापक फेरवदल ल्याएको छ । साथै सेवा, सुविधा र अवसरमा आम सर्वसाधारणहरुको प्रत्यक्ष सहभागी अनिवार्य बनेको छ ।

निश्चय नै, पहुँचले अवसरहरुको सिर्जना गर्छ, भनेझै संघीय लोकतान्त्रिक शासन प्रणालीले देशका सबै तहमा अथाह अवसरहरुको सिर्जना गरेको छ । तर तीनवटै तहका सरकारसँग सिमित स्रोतसाधन र जनताका असिमित आवश्यकताहरु छन् । आफ्ना आवश्यकताहरु परिपूर्ति गर्न आम नागरिक यो संघीय व्यवस्थाबाट यथेष्ट लाभ लिने उत्कृष्टता छ । विगतमा सर्वसाधारणलाई अवसरहरु के हुन् ? कुन ठाउँमा कसरी प्राप्त गर्न सकिन्छ भन्नेसमेत मेसो पाउन गाह्रो हुन्थ्यो । सानोतिनो प्रशासनिक सेवासमेत लिन नेता वा कोही अरुको साहरा लिनुपर्ने बाध्यता थियो । तर अहिले संघीयताले प्रशासनिक सेवाको सन्र्दभमा मात्र होइन विकास निमार्णलगायतका सबै क्षेत्रमा आम जनताको पहुँच विस्तार गरेको छ । हिजो सिंहदरबारबाट विनियोजन हुने योजनाको उपभोक्ता समितिसमेत काठमाडौंको कुनै होटलमा गठन भएर गाँउमा आउने गर्थे । जिल्लाबाट विनियोजन हुने योजनाको हालत पनि त्यस्तै हुन्थ्यो । टाठाबाठा र बोलवालाहरुकै दाँयाबायाँ घुम्ने सरकारी र गैरसरकारी स्रोत अहिले गाउँमा पुगेको छ । अहिले पनि सम्पूर्ण ढंगबाट आमजनताको पक्षमा सदुपयोग हुन नसकेको भए पनि वितरण प्रक्रिया र सेवा प्राप्त गर्ने विधिबारे सचेतना बढेको अवश्य छ । जसले आम जनतालाई सचेत, सजग र प्रतिस्पर्धा गर्ने साहस बढिरहेको छ ।


संघीयता कार्यन्वयन भइरहँदा अहिले, जनताका विगतदेखिका विकास निमार्ण र अन्य अधिकार प्राप्तिका आम समस्याहरु बिस्तारौ हल हुँदै गइरहेका छन् । संघीय शासन प्रणालीप्रति जनताको आशा, भरोशा बढ्दै गइरहेको छ भने त्यस्तै केही जनप्रतिनिधिहरुले गरेका आर्थिक अनिमियतता, सेवा सुविधा वितरणमा नातावाद र ब्यक्तिवादका घटनाले जनप्रतिनिधिप्रति अविश्वास पनि बढ्दै आइरहेको छ । जुन प्रकारका गतिविधिका कारण परिपक्व हुँदै गरेको संघीयताले आलोचित हुन परेका तिता घटनाहरु छन् । तर आधारभूत जनताको तहमा संघीयताको कार्यन्वयन पक्ष हेर्दा संघीयताले समाज विकासका चौतर्फी सम्भावनाका द्वार खोलेको छ । वास्तवमा नेपालमा संघीयताको कार्यान्वयनले सबै स्थानीय तहहरुमा व्यापक सेवा क्षेत्रहरुको विकासमा वृद्धि भएको छ, बिडम्वना उत्पादन क्षेत्रको वृद्धि हुन सकेको छैन । संघीयताले सिर्जना गरेको सेवा क्षेत्रहरुमा आम मानिसको दिनचर्या हिजो आज ब्यस्त छ । समग्रमा भन्नुपर्दा हिजो केन्द्रमै भर पर्दा हुने खर्चिलो र झन्झटपूर्ण परिस्थितिबाट भने अब नेपाली जनताले छुटकारा पाउनेपर्ने अवस्था सृजना हुने क्रम सुरु भएको छ । संघीयताको मूल मर्मनै यही हो । स्थानीय समस्या स्थानीय तहबाट प्रदेशको समस्या प्रदेशकै पहलमा हुने र बिकासका पूर्वाधारका लागि पनि तीनै तहमा आ-आफ्नै अख्तियारी हुने हुँदा यो ब्यबस्था एउटा राम्रो ब्यबस्था हो भन्न सकिन्छ ।

## सामाजिक सञ्जाल



यौनका बिषयमा आकर्षण हुनु प्राकृतिक कुरा हो । आकर्षण भयो भन्दैमा कसैको इज्जतलाई यतिसाह्रो मजाक पनि नउडाउनु । यौटा कुरा ख्याल राख तिमीले अरूको हैन आफनो बौद्धिकताको मजाक उडाइरहेछौ ।

**- गणेश पौडेल**




हामी गाउँका पाखे पर्‍यौं । चुडिएको चप्पल त पानसमा पोलेर जोडेर लगाउँछौं । हजुर नाता सम्बन्ध टुट्नि टुटाउने कुरा गर्नु हुन्छ ।

**- पिटर**



पश्चिमी दुनियाँमा अहिले एउटा फेसन चलेको छ । चुनाव, ठूला मिटिंङ्ग, सम्मेलन र द्विपक्षीय भेटहरूमा रसियन जासुस खोज्ने र भण्डाफोर गर्ने । डाभोसमा पनि २ जना भेट्टाएछ स्विस पुलिस, हैन त्यो भाषण मात्रै ठोक्ने ठाउँमा जासुसले भेट्ने चाँही के रहेछ ?

**- केदार**



के नेता र तिनका झोले यतिबिघ्न पतित भै सकेको हो जसको लागि आचारसंहिता नै जारी गर्नु पर्यो ?

**- दिनेश ढुंगेल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# उद्वेलित मनले दिएको शिक्षा

**मैले केही महिलाहरूसँग उनीहरूको स्वास्थ्य समस्याका बारेमा कुरा गर्दा थाहा भयो उनीहरू पाठेघर झर्ने समस्या, परिवार नियोजनका साधनहरूको प्रयोगले गर्दा हुने विभिन्न समस्या, साना शिशुहरूलाई कुपोषण भएको समस्या र जीवनका दु:ख कष्ट र अत्यधिक शारीरिक परिश्रमले गर्दा मानसिक र शारीरिक दुवैबाट पीडित भएर मसँग ट्याब्लेट माग्न आएका थिए तर उनीहरूको समस्या समाधान गर्ने औषधि मसँग थिएन ।**



डा. अरूणा उप्रेती

केही वर्षपहिले अछाममा केही दिन बिताएर आएपछि मलाई मानसिक अवसाद (डिप्रेसन) जस्तै भएको थियो । आफ्नो कामले समाजमा केही परिवर्तन गरेकी छु, भन्ने मेरो गर्व त अछामका गाउँहरूमा गएपछि चुरचुर भयो, तर त्योभन्दा बढी त त्यहाँको अवस्था देखेर आफ्नो जीवनप्रति, कामप्रति, लेखनप्रति नै दिक्क लाग्यो ।

'मैले लेखेर के नै हुन्छ ? मैले गरेको कसले के पो परिवर्तन ल्याएको रहेछ र ? मैले पोषणको र महिला स्वास्थ्यको विषयमा मानिसलाई के के न जागरूक गराएकी थिएँ भन्ने ठानेको त त्यो त मेरो व्यर्थको घमण्ड पो रहेछ भन्ने भावनाले मलाई यति व्यथित बनायो कि एक महिनासम्म कुनै सामाजिक विषयमा लेख्न त परै जाओस, दिनदिनै लेख्ने डायरीलाई पनि हात लगाउन छोडें ।

सबै कामकाज छोडेर कुनै ठाउँमा गएर चुपचाप जीवनका दिनहरू बिताऊँ भन्ने अनुभव पनि भयो । कति जना साथीहरूलाई मैले भने, ' अब त कामबाट अवकाश लिने बेला भएको छजस्तै लागेको छ । चुपचाप कतै गएर जीवन बिताऊँ कि ? पाँच दशक उमेर पार गरिसकेकी छु, मैले जीवनमा गर्न सक्ने काम सकिन लागेको छ । तर, समाजमा केही परिवर्तन ल्याउँछु भन्ने जुन घमण्ड थियो, त्यो आखिर केही रहेनछ ।'

मैले गम्भीर भएर भनेको कुरालाई मेरा साथीहरूले 'लौ यिनी त भगवानको भक्ति पो गर्न थालिछिन्' भनेर हँसी उडाए ।

कसैले 'तिमीलाई शारीरिक र मानसिक रूपमा थकाई लागेको छ, आरामको जरुरत छ' भने । कसैले 'तिमीलाई हाँसो ठट्टा गर्न त खुब आउँछ नि' भने । तर, मेरो मनको वेदनालाई चाहिँ कसैले बुझेन ।

सायद भित्रबाट जति नै निराश, उदास र छपटिएको भए पनि मैले दैनिक क्रियाकलापमा केही परिवर्तन आउन नदिएकाले होला, मानिसहरूले मेरो उदासीपन र पीडालाई गम्भीरतापूर्वक लिएनन् । तर, मेरो छटफटाहट देखेर मेरो एक जना ६० वर्षीय साथीले चाहिँ भनिन्, 'तिमी कति उदास, निराश र हतास भएकी ?' संसारमा कसैले पनि सबैको समस्या हल गर्न सक्दैनन् । बुद्ध, जिसस क्राइस्टले पनि सबैका दु:ख हरण गर्न सकेनन् भने तिमी को हौ र सबैका समस्या समाधान गर्ने भनेर बसेकी ? यदि यस्तै बानी व्यवहार रहने हो भने त तिमी मानसिक रोगी बन्छ्यौ र तिमीलाई औषधि नै खानुपर्ने हुन्छ ।' उनको शब्दले मलाई हो त पनि भनेर केही सान्त्वना दियो ।

सबभन्दा ठूलो कुरा मेरो गर्वलाई चुरचुर पनि गराए । म केवल एउटा अदना मान्छे हुँ र मैले यति मात्र गर्न सक्छु भन्ने विचार आयो ।

यही बीचमा थुप्रै व्यक्तिका जीवनीहरू पढें र उनीहरूको जीवनमा पनि दु:खका क्षणहरू आएका थिए भन्ने कुरा बुझें । ठूलाठूला डक्टर, वैज्ञानिक, धनी मानिसहरूले पनि एकदमै धेरै योगदान समाजमा दिएका छन् तर मानिसहरू त अझै पनि कतिपय सेवाबाट वञ्चित छन् भने म त के पो हुँ र यति दु:ख मान्नुपर्ने भन्ने भावनाले चाहिँ दु:खी मनमा केही मलहमको काम त गर्यो ।

मैले आफूलाई एकदम बहादुर, कठोर परि स्थितिमा पनि दु:खी नहुने, दु:ख सुखमा मनमा एकभाव राख्ने भन्ने व्यक्ति सम्झेको थिएँ तर यसपालि चाहिँ आफूलाई नियालेर हेर्दा थाहा पाएँ कि म मनको अति कमजोर पो रहेछु । आफूलाई अरूको अगाडि बलियो देखाउन कोसिसचाहिँ गरेकी रहेछु तर भित्रपट्टिबाट आफ्नो गर्व खण्डित हुँदा कति दु:खी हुने रहेछु । यो भावनाले कति पटक त आँखाबाट बर्बरी आँसु नै झरेको थियो । घरका मानिसहरूले देख्दा 'मैले सिरियल हेरेर आँसु आयो' भनें । अनि मेरी छोरीले भनिन्, 'तपाईं त बडो कडा मुटुको मान्छे, त्यसरी सिरियल हेर्दा पनि आँसु आउने ।' ठूलो स्वरले हाँसेको उनको आवाजले मलाई झन् दु:खित बनाएको थियो । आफ्नो भावना पोख्न पनि मैले झुटको सहारा लिनुपर्ने भन्ने विचारले ।

अछामको गाउँमा जाँदा मलाई दु:खी बनाउने के-के कारणहरू आफैं खोतल्न थालें । त्यहाँ म स्वास्थ्य शिविर चलाउन गएको थिएँ । थुप्रै अन्य डाक्टरहरू पनि थिए । मैले केही महिलाहरूसँग उनीहरूको स्वास्थ्य समस्याका बारेमा कुरा गर्दा थाहा भयो उनीहरू पाठेघर झर्ने समस्या, परिवार नियोजनका साधनहरूको प्रयोगले गर्दा हुने विभिन्न समस्या, साना शिशुहरूलाई कुपोषण भएको समस्या र जीवनका दु:ख कष्ट र अत्यधिक शारीरिक परिश्रमले गर्दा मानसिक र शारीरिक दुवैबाट पीडित भएर मसँग ट्याब्लेट माग्न आएका थिए तर उनीहरूको समस्या समाधान गर्ने औषधि मसँग थिएन । उनीहरूका कुपोषित बच्चाको औषधि मसँग थिएन, न उनीहरूको अछामका गाउँमा भारी बोकेर तल माथि गरेर र धेरै बच्चा पाएर खसेको पाठेघरको उपचार गर्ने साधन नै मसँग थियो ।

मैले उनीहरूलाई कुपोषित बच्चालाई के के खुवाउने भनेर एकछिन सल्लाह त दिएँ तर त्यो भनाइको व्यर्थता मलाई आफैंलाई थियो र मानौं मैले यी महिलालाई ठगिरहेको छु । मेरो सिकाइको केही अर्थ यी महिलालाई छैन भन्ने विचारले गर्दा नै मलाई अति दु:ख र उदास बनाएको थियो । मैले भनेपछि के ती महिलाले आफ्नो कुपोषित बालकलाई के पोषणयुक्त खाना खुवाउँथिन् होला र ?

त्यो विचारले मलाई लामो समयसम्म पिछा छोडेन र उदास बनायो । तर, जस्तोसुकै दु:ख उदासी, दुर्घटनामा पनि जीवन त अघि बढाउनैपर्छ भनेर आफूलाई सम्हाल्ने कोसिस गरें । २५ वर्षको मेरो कामको जीवनमा यदि दश जना व्यक्तिको जीवनमा पनि परिवर्तन ल्याउन सकेकी भए त्यसैलाई नै काम गरेको हुँ भन्ने मान्छु भनेर आफूलाई सम्झाउने कोसिस गरें । केही कामद्वारा कसैलाई मद्दत गरेर वा कसैले मबाट केही कुराहरू सिकेर जीवनमा प्रयोग गरेर कसैले केही फाइदा लिएका छन् भने त्यो पनि एउटा सकारात्मक काम नै हो । मैले गरेको भनेर सम्झाउन कोसिस गरेकी थिएँ ।

पछिल्लो समयमा आफ्नो अस्तित्व यो विशाल बम्हाण्डमा कति रहेछ भनेर विश्लेषण गर्दै जाँदा आफ्नो अस्तित्व त एउटा बालुवाको कणबराबर पनि नभएको जस्तो लाग्यो । बालुवाको यो कणजस्तो अस्तित्वले पो के गर्न सकिन्थ्यो र ? भन्ने भावना मनमा बारम्बार आएपछि मेरो दु:खको भावना पक्कै केही कम त भएको छ । मेरो मनको गर्वचाहिँ शून्य नै भएको छ । एउटा ठूलो पाठ पनि लिएकी छु कि मैले धेरै गरें कि भन्नु व्यर्थ हो भनेर ।

मैले एकदम ठूलो काम गरेर समाज नै परिवर्तन गर्ने ठूलो चाहनाको सट्टा केही व्यक्तिको जीवनमा परवर्तन ल्याउने मात्र इच्छा राखेको भए शायद यो कठोर उदासीले मलाई घेर्दैनथ्यो होला । यस्तै विचार गर्दा गर्दा मैले उदासीलाई हटाउन विस्तारै कोसिस गर्दै छु । मेरो सानो कामले कसैको अनुहारमा हाँसो आयो भने त्यही ठूलो कुरा मान्न कोसिस गर्दैछु । मलाई थाहा छैन कहिलेसम्म यो उदासीपन ममा रहिरहन्छ, एकएक सानो काम गर्दै गएपछि कहिले त यो उदासीपन घट्छ होला ।

मनको कमजोरीलाई हटाएर हाँसोमय बनाउन पनि अझ केही समय लाग्छ होला । किनभने समय नै सबभन्दा ठूलो औषधि भनी बुझ्न पनि मलाई समय नै लागेको छ ।

# कर्णाली प्रदेश विकास परिषद्को पहिलो बैठक माघ १० गते




**सुर्खेत/मस-** कर्णाली प्रदेश विकास परिषद्को पहिलो वैठक माघ १० गते बस्ने भएको छ । कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश २०७५ को दफा ७ को प्रावधान बमोजिम गठित प्रदेश विकास परिषद्को बैठक पहिलो पटक बस्न लागेको हो । परिषद् अध्यक्ष मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा बस्ने बैठकमा प्रदेश योजना आयोगले तयार गरेको कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदाका बारेमा सदस्यहरुको सुझाव तथा मार्गदर्शन लिइने योजना आयोगका सदस्य डा.दिपेन्द्र रोकायाले जानकारी दिए ।

कर्णाली प्रदेशको विकास र समृद्धिको मार्गचित्रका रुपमा योजना आयोगले तयार गरेको प्रथम पञ्चवर्षीय योजना (आ.व.२०७६/७७-२०८०/८१) मस्यौदामा १० वटा परिच्छेद रहेका छन् । पञ्चवर्षीय योजनाको मस्यौदामा स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधि, विज्ञ एवं सरोकारवालाहरुको सुझाव लिएर स्वीकृतिका लागि प्रदेश सरकारलाई पेश गरिनेछ ।

मुख्यमन्त्री शाही अध्यक्ष रहेको प्रदेश विकास परिषद्का पदाधिकारीहरुमा सहअध्यक्ष आर्थिक मामिला तथा योजना मन्त्री र सदस्यहरुमा प्रदेश सरकारका विभागीय मन्त्रीहरु, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रदेशसभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभाका समिति अध्यक्षहरु, प्रदेश योजना आयोगका सदस्यहरु, जिल्ला समन्वय समितिका प्रमुखहरु, नगरपालिकाका प्रमुखहरु, गाउँपालिकाका अध्यक्षहरु, प्रदेश सरकारद्वारा मनोनित ५ जना सदस्यहरु, प्रदेश सरकारका सचिवहरु रहने व्यवस्था गरिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य सचिव रहेको विकास परिषद्मा कर्णाली प्रदेश सरकारले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ५ जनालाई सदस्यमा मनोनयन गरेको छ । परिषद् सदस्यहरुमा डा.राधिका बुढ्थापा (जुम्ला), उषा लामा (हुम्ला), चन्द्रा अधिकारी (जाजरकोट) मध्यपश्चिमाञ्चल विश्वविद्यालयकी एशोसियट प्रोफेसर यशोदा थापा र उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष पदमवहादुर शाहीलाई सरकारले मनोनयन गरेको हो ।

माघ १० गते बिहान ८ बजेदेखि प्रदेश राजधानी वीरेन्द्रनगर स्थित शुभ होटेलमा शुरु हुने बैठकको सबै तयारी पूरा भएको परिषद् सदस्य समेत रहेका योजना आयोगका सदस्य रोकायले जानकारी दिए । उनका अनुसार बैठकमा परिषद्का १ सय २० जना पदाधिकारी तथा ११ जना विज्ञ एवं आमन्त्रीत सदस्यहरुको सहभागिता रहनेछ ।

# मानव मलमूत्रीय फोहर प्रशोधन केन्द्रको उद्घाटन



**चितवन/मस-** खानेपानीमन्त्री बीना मगरले बुधबार झापाको काँकडभिट्टा र दुहागढीमा अवस्थित मानव मलमूत्रीय फोहर (दिसाजन्य लेदो) प्रशोधन केन्द्रको उद्घाटन गरेकी छन् । नेपाल सरकार र मेचीनगर नगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको उक्त फोहर प्रशोधन केन्द्र खानेपानी मन्त्रालयअन्तर्गत साना शहरी खानेपानी आयोजनाले नमूना परियोजनाको रूपमा सञ्चालन गरेको हो ।

मेचीनगर-७ काँकडभिट्टामा रहेको केन्द्रले दैनिक १२ घनमिटर र दुहागढीको केन्द्रले दैनिक २७ घनमिटर दिसाजन्य लेदो पदार्थलाई प्रशोधन गरी कृषि बालीमा प्रयोग गर्न मिल्ने प्राङ्गारिक मलमा रुपान्तरण गर्दछ ।

काँकडभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको २४ औं वार्षिक साधारणसभा एवं प्रशोधन केन्द्र उद्घाटन समारोहमा मन्त्री मगरले नमूना परियोजनाको रुपमा मेचीनगरमा सञ्चालित यी दुई आयोजनाबाट सिकेर मुलुकका अन्य क्षेत्रमा परियोजना विस्तार गरिने बताइन् ।

मन्त्री मगरले जनताको मौलिक हकसँग जोडिएको खानेपानी र सरसफाइ क्षेत्रसँग सम्बन्धित आयोजनालाई कार्यान्वयन गर्न मन्त्रालय अघि बढिरहेको बताएकी छन् । 'विशेषगरी तराई क्षेत्रमा देखिएको आर्सेनिकलगायतका समस्या समाधान गर्न खानेपानीका केही ठूला आयोजनाको काम अघि बढाउँदैछौं,' उनले भनिन्, 'तराईमा खानेपानीको समस्या समाधान गर्न केही जिल्ला नै समेट्ने गरी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउँदैछौं ।'

आयोजनाका लागि दातृ संस्था बिल एन्ड मेलिना गेट्स फाउन्डेशनले नेपाल सरकारमार्फत रु १४ करोड, ६८ लाख ५८ हजार लगानी गरेको छ । मेचीनगर-७ काँकडभिट्टामा रहेको प्रशोधन केन्द्रमा मेचीनगर नगरपालिकाको वडा नं १ देखि १३ सम्मको ६५ हजार १९ जनसङ्ख्याबाट निस्कने सबै दिसाजन्य फोहरलाई प्रशोधन गरिने र मेचीनगर-१४ दुहागढीमा रहेको अर्को केन्द्रमा मेचीनगरका १४ र १५ वडा, विर्तामोड नगरपालिकाका सबै वडा र बुद्धशान्ति गाउँपालिकाका सबै वडाको एक लाख ४२ हजार ८४८ जनसंख्याबाट निस्कने दिसाजन्य लेदोको प्रशोधन गरिने तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका प्रमुख विद्यानाथ भट्टराईले बताए ।

मानव मलमूत्रीय फोहर प्रशोधन गर्न सक्ने बायोग्यास डाइजेस्टर र ठोस पदार्थलाई सुकाई कम्पोस्ट मलका रूपमा प्रयोग गर्न १६ वटा ड्राइङ बेडसमेत भएको प्रशोधन केन्द्र निर्माण गरिएको साना शहरी खानेपानी आयोजनाका प्रमुख भट्टराईले जानकारी दिए। यी दुवै प्रशोधन केन्द्र निर्माणमा ८५ प्रतिशत लगानी संघीय सरकारको र १५ प्रतिशत नगरपालिकाको रहेको छ ।

# डडेल्धुरामा भत्काइयो २३ छाउगोठ

**डडेल्धुरा/मस-** दुई सातादेखि डडेल्धुरामा छाउ गोठ भत्काउने अभियान चलिरहेको छ । जिल्लाका विभिन्न स्थानीय तहमा प्रहरीको सक्रियता र जनप्रतिनिधिको रोहवरमा छाउपडी गोठ भत्काउनेक्रम जारी रहेको छ। प्रहरीले छाउ गोठ भए/नभएको अवस्थाका बारेमा समेत अनुगमन गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय डडेल्धुरा प्रहरी प्रमुख तथा प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेका अनुसार छाउगोठ भत्काउने अभियानअन्तर्गत जिल्लाको भित्री मधेश क्षेत्रमा पर्ने आलीतालमा २३ वटा छाउपडी गोठ भत्काएको छ ।

त्यस्तै सामुदायिक साझेदारी कार्यक्रमअन्तर्गत मंगलबार आलीतालको गाउँपालिका-६ धिमडामा दुई दर्जन घरपरिवारले प्रयोग गरिरहेका ११ वटा छाउगोठ यस्तै आलीताल गाउँपालिका-७ बलौचा र चिनीगौंडा टोलमा रहेका १२ वटा छाउपडी गोठ भत्काइएको डडेल्धुराका प्रहरी नायब उपरीक्षक दधीराम न्यौपानेले जानकारी दिए।

छाउ गोठ भत्काउनका लागि विभिन्न ठाउँमा प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ। छाउपडी गोठ भत्काउन एक छुट्टै प्रहरी टोली परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय डडेल्धुराका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले बताए ।

**छाउ मानसिकता**

डडेल्धुरा सदरमुकाम खलङ्गा, अमरगढी, स्याउले र भत्कँडा बजार क्षेत्रमा पनि छाउपडी भएका बेला महिलाई सुत्ने अलग्गै स्थान रहेको पाइन्छन् । डडेल्धुरा सदरमुकाममा विभिन्न ग्रामीण स्थानबाट सदरमुकाममा बस्दै आएका छन् ।

छाउपडी भएकाबेला परिवारका सदस्यभन्दा अलग्गै सुत्ने पाँच दिनसम्म खाना पकाउँन नमिल्ने र पूजा कोठामा जान नमिल्ने लगायतका अवस्था रहेको अमरगढी नगरपालिका-५ मा बस्दै आएका एक महिलाले भनिन् । उनले अरुभन्दा पनि परिवारका सदस्यबाट विभेद खेप्नुपरेको बताइन् । गाउँमा हुँदा छाउगोठमा बसियो तर बसाइँसराइ भएपछि डडेल्धुरा सदरमुकाममा आएको १० वर्ष बितिसक्दा छाउपडी भएका बेला समस्या त्यही छ । परिवर्तन हुन सकेको छैन ।


**Kuwait मा रोजगार** Scp Co. Manufacturing for Croissant Pastries, Sweets and Bread, W.L.L.

पुर्व स्वीकृती मिति: २०७६/१०/८ चलानी नं.: ६०१५०३३३ LT# 230951

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Catering Labour | 20 | 10 | कामको दक्ष | 100 | ३७,५१९।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cook | 8 | 0 | | 130 | ४८,७७४।- | | | | | | | |
| ३. | Light Driver | 1 | 0 | | 130 | ४८,७७४।- | | | | | | | |
| ४. | Factory Incharge | 1 | 0 | | 190 | ७१,२८६।- | | | | | | | |
| ५. | Purchase Representative | 1 | 0 | | 190 | ७१,२८६।- | | | | | | | |
| ६. | Sales Representative | 1 | 0 | | 190 | ७१,२८६।- | | | | | | | |
| ७. | Production Labor | 15 | 3 | | 100 | ३७,५१९।- | | | | | | | |
| ८. | Administrative Supervisor | 1 | 0 | | 190 | ७१,२८६।- | | | | | | | |
| ९. | Pastry Maker | 0 | 2 | | 120 | ४५,०२२।- | | | | | | | |
| १०. | Bread Maker | 8 | 0 | | 120 | ४५,०२२।- | | | | | | | |
| ११. | Sales Incharge | 2 | 0 | | 180 | ६७,५३४।- | | | | | | | |
| १२. | Catering Supervisor | 8 | 0 | | 190 | ७१,२८६।- | | | | | | | |
| १३. | Data Entry | 0 | 4 | | 150 | ५६,२७८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

**अन्तरवार्ता २०७६ माघ १६ गते (30Jan.) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत न.: ११५/०५५/०५६
आलोकनगर, मिनभवन, काठमाण्डौं, फोन.: ०१-४४७९६६४, ४१०६७११



**मलेसियामा रोजगारको अवसर** | १. कम्पनी: P.A. FOOD SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/१०/०६ चलानी नं.: ६०१५०२२२ LT. No.: 231304

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 7 | 0 | स.काममा दक्ष | 1100 | ३०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: HOME UPHOLSTERY INDUSTRIES SD.N. BHD. शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०६ चलानी नं.: ६०१५०२२० LT. No.: 231312

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स.काममा दक्ष | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Need Employment Services (P.) Ltd.**
Ultimate Solution
Lic No. 284/058/59
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Tel.: 4384251, 4384248
Email: needemploymentservices@gmail.com, Web: www.ultimatesolutionnepal.com



**मलेशियामा रोजगार** | कम्पनी : NYET WENG HORTICULTURE SDN.BHD. शहर: PAHANG

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३६४ LT. No.: 231501

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farming Worker | 35 | 0 | स.काममा दक्ष | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
टोखा-१०, सामाखुसी, काठमाडौं, (अपोजिट पुलिस पेट्रोल पम्प) फोन : ४३५६६५४, ४३५५९७८, मो.: ९८४९६६४९७१
Email: linkinternationalnepal@gmail.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**SAUDI मा रोजगारको अवसर** | कम्पनी: AL KHOZAMA F & B शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३७५ LT. No.: 231366

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | स.काममा दक्ष | 1200 | ३६,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आइ.एम.एस. म्यानपावर प्रा. लि.**
Govt. Lic. No. 443/060/061
पो.ब.नं. ८९७३, एनपिसि ७१८, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४७७०, फ्याक्स: ४४६५०४९
Email: info@imsmanpower.com, imsmanpower@yahoo.com, imsmanpower2@gmail.com
Web: www.imsmanpower.com.np



**मलेशियामा रोजगार** | १. कम्पनी : SHAPADU SECURITY SDN BHD शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३७२ LT. No.: 231414

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 25 | 0 | स.काममा दक्ष | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SZHENG INDUSTRIES SDN. BHD. शहर : JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३६० LT. No.: 231354

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 15 | 0 | स.काममा दक्ष | 1200 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८५/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-6201229
Mob: 9851023473, 9860773210, 9849565069, Email: sarojoli208@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: CDG PRODUCTS SDN BHD शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३३२ LT. No.: 231311

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स.काममा दक्ष | 1100 | ३०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: BGM POLO SDN BHD शहर: PINANG

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३३१ LT. No.: 231343

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स.काममा दक्ष | 1100 | ३०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बतिसपुतली-९, गौशाला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np



**UAE मा वैदेशिक राजगारको अवसर**

कम्पनी: AL FARIS EQUIPMENT RENTALS LLC, UAE

पूर्व स्वीकृत मिति: २०७६/०७/२५ पून स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१४६०४७ पून चलानी नं.: ६७८ L.T. No.: 226139

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 5 | 0 | | 800 | २४,७४५ | | | | | | | |
| 3. | Shovel Operation Driver | 30 | 0 | | 1500 | ४६,३९५ | | | | | | | |
| 4. | Crane Operator Assistant | 50 | 0 | | 1200 | ३७,११५ | | | | | | | |
| 5. | Forklift Operator | 17 | 0 | | 1500 | ४६,३९५ | | | | | | | |
| 6. | Follow Up Clerk | 5 | 0 | | 1800 | ५५,६७५ | | | | | | | |

**यसै कम्पनीको लागि Crane Operator, Shovel Operator र Rigger हरुको पनि माग भै आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क राख्नु होला । UAE License भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १७ र १८ गते (31 Jan. & 1 Feb. 2020) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ५५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993
9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal


# सम्पत्ति विवरण बुझाउनु नपर्ने प्रस्ताव

**काठमाडौं/मस–** सरकारले सार्वजनिक पद धारण गरेको व्यक्तिले सम्पत्ति विवरण बुझाउनुपर्ने बाध्यकारी व्यवस्था हटाउन प्रस्ताव गरेको छ। नियुक्त भएको र आर्थिक वर्ष सकिएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने बाध्यकारी व्यवस्था हटाउन प्रस्ताव गरेको हो ।।

भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मंगलबार राष्ट्रियसभा सचिवालयमा दर्ता गरेको विधेयकमा बाध्यकारी रुपमा सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्थालाई परिमार्जन गर्दै खुकुलो बनाउने प्रस्ताव गरेको हो।

सम्पत्ति विवरण बुझाउनु पर्ने बाध्यकारी व्यवस्थालाई सरकारको स्वविवेकभित्र राख्न खोजिएको हो। प्रस्तावित प्रावधानअनुसार अब यसअघि जस्तो सार्वजनिक पदमा नियुक्त भएको वा आर्थिक वर्ष सकिएको ६० दिनभित्र आफ्नो तथा परिवारको नाममा रहेको सम्पत्ति अद्यावधिक विवरण बुझाइरहनु पर्दैन ।

सरकारले तोकेको खास समय र खास तहका व्यक्तिले मात्र सम्पत्ति विवरण बुझाए पुग्छ । ऐनको दफा ५० को बाध्यकारी व्यवस्थाको ठाउँमा सरकारले प्रस्ताव गरको छ, 'अनसुन्धान अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास तह, समूह, निकाय वा संस्थामा कार्यरत राष्ट्रसेवकलाई आफ्नो वा आफ्ना


विधेयक संख्या:

भ्रष्टाचार निवारण ऐन, २०५९ लाई
संशोधन गर्न बनेको विधेयक

परिवारका नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहतिको अद्यावधिक विवरण कुनै खास-खास अवधिमा पेश गर्नुपर्ने वा पेश गर्नु नपर्ने गरी तोक्न सक्नेछ ।'

सम्पत्ति विवरण बुझाउने सम्बन्धि व्यवस्थालाई समसामयिक बनाउन भन्दै दर्ता भएको विधेयकमा काबु बाहिरको परिस्थितिमा परेका कर्मचारीलाई कार्यालयमा हाजिर भएको एक महिनाभित्र विवरण बुझाउन सकिने व्यवस्था प्रस्ताव गरिएको छ ।

'सम्पत्ति विवरण पेश गर्नुपर्ने अवधिमा कुनै राष्ट्रसेवक असाधरण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा असक्त भइ बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालीम, अध्ययन, सम्मेलन वा वार्ताको लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने मितिले तीन दिनभित्र सम्पत्ति विवरण पेश गर्नुपर्नेछ', विधेयकमा उल्लेख छ।

तोकिएको बेला सम्पत्ति विवरण नबुझाउने कर्मचारीलाई हुने जरिवाना भने पाँच हजारबाट दश हजार पुऱ्याइएको छ । त्यस्तै सरकारी सेवामा रहेर अवकाश पाएको व्यक्तिविरुद्ध जहिलेसुकै भ्रष्टाचार मुद्दामा छानबिन गर्न सकिने व्यवस्थालाई पाँच वर्षे हदम्याद निर्धारण गर्ने प्रस्ताव गरिएको छ ।

साविक प्रावधानमा 'भ्रष्टाचार गरेको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकास प्राप्त गरेपछि पनि निज उपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन', भन्ने व्यवस्था छ ।

त्यसलाई संशोधन गर्न सरकारले पेश गरेको प्रस्तावमा भनिएको छ, 'सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो विषयमा यस ऐन बमोजिम तत्काल कारबाही हुन सक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भएपनि अवकाश भएको मितिले पाँच वर्षभित्र निज उपर यस ऐन बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन ।'

विधेयकमा भ्रष्टाचार जन्य कसुरबाट हुने सजायमा तल्लो हद निर्धारण गर्ने प्रस्ताव गरिएको छ। भ्रष्टाचार निवारण ऐन २०५९ मा सजायको माथिल्लो हदमात्र तोकिएको अवस्थामा अब तल्लो हद पनि तोक्न लागिएको हो ।

अब गैरकानुनी सम्पति आर्जन गरेको प्रमाणित भएमा त्यसरी आर्जन गरेको सम्पत्तिको बिगो अनुसार एकदेखि तीन वर्षसम्म कैद र बिगो बमोजिम जरिवाना गरी त्यसरी आर्जन गरेको गैरकानूनी सम्पत्ति जफत हुनेछ । यसअघि गैरकानुनी आर्जन गर्नेलाई सम्पत्ति जफत गरी दुई वर्षसम्म कैद हुने व्यवस्था थियो ।

# 'बेल्जियमका पर्यटक बढ्छन्'

**चितवन/मस–** बेल्जियमका लागि नेपाली राजदूत लोकबहादुर थापाले भ्रमण वर्षमा बेल्जियमबाट गत वर्षभन्दा दोब्बर पर्यटक भित्र्याउने गरी गतिविधि भइरहेको बताएका छन् । नेपाल आएका राजदूत थापाले बुधबार चितवनमा पत्रकारसँग कुराकानी गर्दै गत वर्ष त्यहाँका सात हजार ५०० पर्यटकले नेपाल भ्रमण गरेको बताए ।



जनवरी १ मा ठाउँठाउँमा ब्रोसर बाँडिएको, अघिल्लो दिन त्रिशिचयन बजारमा प्रचार गरिएको, हरेक हप्ताजसो विभिन्न शहरमा भ्रमण वर्षका कार्यक्रम गरिँदै आएको, त्यहाँ हुने विभिन्न कार्यक्रममा राजदूतावासले सहभागिता जनाइ भ्रमण वर्षको निम्तो र प्रचार गरिरहेको उनले जानकारी दिए। नेपालीको बसोबास रहेको समुदायले कुनै एक कार्यक्रम गर्ने गरी गतिविधि गरिरहेको, नेपाली रेष्टुराँमा भ्रमण वर्षको लोगो अङ्कित स्टिकरहरु टाँसिएको उनले जानकारी दिए । जनवरी ७ मा औपचारिकरूपमा भ्रमण वर्षको त्यहाँ शुभारम्भ गरिएको थियो । राजदूतावासले एन्टोपेन शहरमा अहिले भइरहेको 'टुरिज्म फेस्टिबल'मा सहभागिता जनाएर प्रचार गरिरहेको छ। फेब्रुअरी ६ मा ब्रसेल्समा हुने होलिडे कार्यक्रममा सहभागिता जनाउने राजदूत थापाले जानकारी दिए ।

बेल्जियमका बासिन्दा अफ्रिका, लावस, भियतनाम, कम्बोडिया, थाइल्याण्ड, सिङ्गापुर जाने धेरै हुने गरेको भन्दै उनीहरुलाई नेपालतर्फ आकर्षण गर्न राजदूतावास लागिरहेको राजदूत थापाले बताए। गैरआवासीय नेपाली महासंघका सहकोषाध्यक्ष लोक दाहालले बेल्जियमलगायतका देशमा भ्रमण वर्षको प्रचार भइरहेकाले पर्यटकको संख्या बढ्ने अपेक्षा गरे । बेल्जियमकी राजकुमारी एस्ट्रीडको अहिले भइरहेको भ्रमणले भ्रमण वर्षमा नेपाल पर्यटक भित्र्याउन थप मद्दत पुग्ने उनले बताए। एनआरएनए बेल्जियमका पूर्वमहासचिव दाहालले गत वर्षको भन्दा दोब्बर बढी पर्यटक बेल्जियमबाट भित्र्याउन आफूहरु लागिपरेको बताए ।


## Romania मा रोजगारको अवसर | कम्पनी: TSD INDICA7 S.R.L. शहर: BUCHAREST

पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४५६४० LT. No.: 230455

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Worker | 20 | 0 | | 550 | ६२,३०० | | | | | | | |
| 3. | Factory Worker | 20 | 0 | | 550 | ६२,३०० | | | | | | | |
| 4. | Cook Helper | 30 | 0 | | 550 | ६२,३०० | | | | | | | |
| 5. | Cleaner | 20 | 0 | | 550 | ६२,३०० | | | | | | | |
| 6. | Gardener | 10 | 0 | | 550 | ६२,३०० | | | | | | | |
| 7. | Store Keeper | 10 | 0 | | 550 | ६२,३०० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, फोन: ४००४५५२, ४००४५३५, ४००४५३२, ४००४६९४
श्रम इजाजत नं. : ६२७/०६३/०६४, E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np

## कतारमा रोजगारको अवसर | कम्पनी: OBRON CONTRACTING शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/०७ चलानी नं.: ६०१५०२८१ LT. No.: 231293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 33 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welder | 1 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 3. | Brick Mason | 2 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 5. | Tile Maker | 1 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 6. | Painter | 1 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 7. | Carpenter | 2 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |
| 8. | Plaster Worker | 4 | 0 | | 1100 | ३४,२७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १६ गते (30 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०५, मो. : ९८०२०५०५७१, ९८१८७२२७२२
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com


# सुदूरपश्चिमको बेरोजगारी अन्त्य गर्छौं : मुख्यमन्त्री भट्ट

**डोटी/मस–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले मुख्यमन्त्री एकीकृत कृषि कार्यक्रमबाट सुदूरपश्चिमको बेरोजगारी अन्त्य गरिने बताएका छन् । डोटीको शिखर नगरपालिकास्थित तल्कोटको हरिहर माविको ६०औं वार्षिकोत्सव उद्घाटन गर्दै मुख्यमन्त्री भट्टले सुदूरपश्चिमको शिक्षा क्षेत्रमा उल्लेख्य फड्को मार्न र बेरोजगार घटाउन मुख्यमन्त्री एकीकृत कृषि कार्यक्रम गाउँ-गाउँमा विस्तार गरिने बताए। उनले भने, 'सबैलाई शिक्षित बनाउन शिक्षा क्षेत्र र बेरोजगारी हटाउन कृषि क्षेत्रमा लागनी गरेका छौं, आशा छ यहाँको गरीबी र अशिक्षा चाँडै अन्त्य हुने छ ।'

मुख्यमन्त्री भट्टले सुदूरपश्चिम प्रदेशका नौ जिल्लाका गाउँ-गाउँमा मुख्यमन्त्री एकीकृत कृषि कार्यक्रम पुऱ्याउन विषेश योजनासहित पहल भइरहेको बताए । मुख्यमन्त्री भट्टले प्रदेश सरकारबाट सञ्चालन भइरहेका योजना तथा विकासका बारेमा सबै सचेत नागरिकले अनुगमन गर्नुपर्ने बताए । साथै मुख्यमन्त्री भट्टले सुदूरपश्चिम प्रदेश कृषिका लागि अनुकूल वातावरण भएकाले मुख्यमन्त्री एकीकृत कृषि कार्यक्रम यहाँका ८८ वटै स्थानीय तहमा सञ्चालनमा ल्याइएको जानकारी गराए ।

सांसद प्रेमबहादुर आलेमगरले खुटिया-बिपीनगर-दिपायल-बभाङ जिल्ला हुँदै चीनको ताक्लाकोट जोड्ने फाष्टट्र्याक सडक सञ्चालनका लागि पहल भइरहेको बताए । उनले भने, 'सुदूरपश्चिमको महत्व राख्ने फाष्टट्र्याक प्रदेशको गौरवको आयोजनाका रुपमा सम्पन्न गर्ने योजनाअनुसार हामी लागिपरेका छौं, काम सम्पन्न गराएरै छाड्छौं ।'

कमतिमा पनि १० वर्षदेखि निर्माणकार्य शुरु भएको कैलालीको धनगढीदेखि स्याउले तथा डोटीको बिपीनगर, गड्सेरा, दिपायल हुँदै चीनको ताक्लाकोटसम्म पुग्ने उक्त द्रुतमार्गको लम्बाइ (स्याउले बजारदेखि दिपायलसम्म) ८२ किलोमिटर छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/०९

यस कम्पनीको मिति २०७१/०१/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एन.टी.बि. एडभेनचर ट्रेक नेपाल प्रा.लि. (प्रा.लि.नं. १२०५३२** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एन.टी.बि. एडभेन्चर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१०/०९

यस कम्पनीको मिति २०७६/०८/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **युनिक्याम्पस आई.टी. एकेडेमी प्रा.लि. (प्रा.लि.नं. १९१९९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डीजी स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१०/०९

यस कम्पनीको मिति २०७६/०९/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस्युरेन्स फर्मास्युटिकल्स प्रा.लि. (प्रा.लि.नं. १६६७१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एस्युरेन्स नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

Provincial Government
